का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक २९९
❒ ४ माघ २०७६, शनिबार
❒ 18 January 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# भाडामा किरिया पुत्री

**केशर धामी/मध्यान्ह**
काठमाडौं, ३ माघ



काठमाडौं बुढानीलकण्ठकी देवी अधिकारीको ८० वर्षका उमेरमा निधन भयो। उनका छोरा थिएनन् । विवाह गरेर अर्केको घर गइसकेका छोरीहरू आमाको किरिया बस्न मानेनन्। त्यसपछि उनीहरूले एक जनालाई ३० हजार रुपैयाँ दिएर भाडामा किरिया बस्न लगाए।

५८ वर्षका विष्णुप्रसाद नेपाल ती बृद्धाको १३ दिने किरिया बसेका थिए । पिङ्लास्थानबाट पशुपतिनाथ मन्दिर जाने बाटोमा रहेको राजराजेश्वरी किरियापुत्री घरमा उनी किरिया बसेका थिए।

त्यस्तै भक्तपुर, कौशलटारका एक भट्टराई थर भएकी वृद्धाको मृत्यु भयो। उनको किरिया पनि नेपाललेनै गरे । उनी एक जना आफन्तमार्फत १० वर्षअघि पहिलो पटक 'भाडामा किरिया' बसेका थिए । त्यसयता उनी यसरी नै चिन्नु न जान्नुका 'अरू' को किरियापुत्री बस्ने गरेका छन्।

यसरी उनी एकातिर धर्म गरिरहेको छन् भने अर्कोतिर आफ्नो घर परिवारको जीविकोपार्जन गर्दै आएका छन्। अरूको किरिया बस्नुलाई उनी पुण्य आर्जन गरेको मान्छन् । 'कसैको छोरा हुँदैनन् । उनीहरूको आशौच बारिदिने मान्छे हुँदैन। मृतकलाई मुक्ति दिने काम गरेको छु । पैसा लिए पनि मैले धर्म नै गरेको छु।' उनी भन्छन्।

भाडामा किरिया बस्दा सुरुसुरुमा उनलाई आफन्त र गाउँघरका मानिसले खिसी गर्थे। उनी आफैँलाई पनि अप्ठ्यारो लाग्थ्यो । तर, पछि सबै कुरा सामान्य लाग्दै गयो । विष्णुलाई किरिया बस्दा मृतकका आफन्तले राम्रै व्यवहार गर्छन्। कोही-कोहीले भने पैसाका लागि काम गरेको ठानेर नराम्रो वचन पनि गर्छन् । 'पैसा लिएर पुण्यको काम' गर्ने विष्णुलाई अपरिचितको आशौच बारेको जस्तो लाग्दैन । 'आफ्नै आमाबाउको किरिया बसेजस्तो लाग्छ,' उनले भने, 'गर्ने विधि एउटै त हो। जसको किरिया बसिरहेको हुन्छु, उनीहरूको छोराजस्तै भएर कर्तव्य पूरा गरिरहेको हुन्छु।'

उनी बसेकै राजराजेश्वरी किरियापुत्री घरमा १६/१६ जना भाडामा किरिया बस्ने गरेका छन्। २०४३ सालमा पशुपति क्षेत्र विकास कोषको स्थापना भएपछि यसरी पैसा लिएर 'भाडामा किरिया' बस्ने व्यवस्था गरेको थियो । सुरु सुरुमा कोषले नै हेर्ने गरेको थियो। तर, पछि विविध कारणले कोषको बदनाम गर्ने काम गरेको भन्दै किरियापुत्री ब्राह्मणहरूलाई विकास कोषले हेर्न छाडेको थियो।

काठमाडौँका विभिन्न ठाउँमा यस्ता किरियापुत्री घर छन् । कालोपुलस्थित भण्डारेश्वरमा पनि किरियापुत्री घर छ । त्यहाँ पनि यसरी नै भाडामा किरियापुत्री बस्ने गरेका छन् । छोराहरू नभएका, किरिया बस्न समय नभएकाहरू भाडामा किरियापुत्री खोज्ने गरेका छन्।

चार वर्षदेखि भाडामा किरिया बस्दै आएका कृष्णप्रसाद अधिकारी आम्दानीको लागि नभएर पुण्यका लागि अरूको किरिया बस्ने गरेको बताउँछन्। उनी भन्छन्, 'मलाई पैसाले भन्दा पनि धर्मले यतातिर तान्यो।'

कतिपयले छोरा हुँदा हुँदै पनि भाडामा किरिया बाँकी पृष्ठ २ मा

## सावधान !
# चिनियाँ भाइरसले नेपालीलाई डर

**बीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ३ माघ



चीनमा देखिएको कोरोनाभाइरस नेपालमा पनि फैलिन सक्ने सम्भावना बढेको छ। चीनको वुहान शहरमा उक्त भाइरसका कारण केही व्यक्तिको मृत्यु भइसकेको छ । जसकारण नेपाली विशेषज्ञहरुले नेपालमा पनि समस्या हुन सक्नेतर्फ सचेत गराएका छन् । शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा. शेरबहादुर पुनले वुहानबाटै फर्किएका एक नेपाली विद्यार्थीमा संक्रमण भएको शंका लागेपछि पाँच दिनदेखि चिकित्सकहरूको निगरानीमा राखिएको बताए।

डा.पुनले नेपाल आउने चिनियाँ पर्यटक र चीन जाने नेपालीको संख्या बढिरहेकोले बेलैमा सजग हुन आवश्यक रहेको बताएका छन्। नयाँ वर्ष मनाउनका लागि आउँदा हप्ताहरूमा चीन र अरू एशियाली मुलुकमा लाखौं मानिसको चहलपहल हुने भएकोले यो भाइरस फैलिन सक्ने डर रहेको उनले बताए । वुहानको भ्रमण गरी स्वदेश फर्किएका आफ्ना केही नागरिकमा सो भाइरसको संक्रमण देखिएको थाइल्यान्ड र जापानले बताएको छ।

चिनियाँ चिकित्सकहरूको टोलीले सो भाइरसबारे बुझ्ने प्रयासलाई तीव्र पारेको चीन सरकारले जनाएको छ। 'सीफूड' बिक्री हुने एउटा बजारमा पहिलो पटक नयाँ भाइरस देखिएको थियो।

जनस्वास्थ्यसम्बन्धी अनुसन्धानकर्ता तथा वैज्ञानिक डा. समीरमणि दीक्षितले नेपालमा यसलाई निगरानीमा राख्न जरुरी रहेको बताए । उनका अनुसार नेपालको तयारी कमजोर छ। चीन छिमेकी मुलुक भएकोले नेपालले सबभन्दा बढी सजगता अपनाउनु पर्ने डा.दीक्षितले बताए।

यसको उपचारमा चाहिने औषधि पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था गर्नुजस्ता प्रारम्भिक तयारी जरुरी रहेको उनले सुझाव दिएका छन् । नयाँ प्रकारको कोरोनाभाइरसको हकमा मात्रै नभई अन्य खतरनाक भाइरसको हकमा पनि उत्तिकै चनाखो हुनुपर्नेमा डा. पुनको पनि जोड छ । स्वास्थ्य मन्त्रालयका अनुसार चीनमा नयाँ प्रकारको कोरोनाभाइरसको संक्रमण देखिएपछि आवश्यक सजगता अपनाइएको छ । मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले विश्व स्वास्थ्य सङ्गठनले बाँकी पृष्ठ २ मा

# देशैभरी कांग्रेसको विरोध पत्र



**काठमाडौं/मस-** जनताको मौलिक हकसँग बाझिने गरी सरकारले ल्याएका विधेयकहरुविरुद्ध प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले देशभरबाट एकैसाथ सरकारलाई विरोधपत्र बुझाउने भएको छ। कांग्रेसले आइतबार ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत् सरकारलाई विरोधपत्र बुझाउन लागेको हो।

सरकारले ल्याएको सूचना प्रविधि विधेयक, विशेष सेवालगायत विधेयकको विरोध कांग्रेसले गर्दै आएको छ । ती विधेयक फिर्ता हुनुपर्ने अथवा सच्याउनु पर्ने माग कांग्रेसको छ । कांग्रेसको पुस १७ गते बसेको केन्द्रीय समिति बैठकले ती विधेयकविरुद्ध प्रदर्शन गर्ने निर्णय गरेको थियो। तर, पार्टीको आन्तरिक विवादका कारण विरोधका कार्यक्रमहरु स्थगित भएको थियो। पार्टीभित्रको विवाद मत्थर भएपछि कांग्रेसले ७७ वटै जिल्ला र केन्द्रबाट दबाबस्वरुप सरकारलाई विरोधपत्र बुझाउन लागेको हो। यता, सूचना प्रविधि विधेयकको विरोध नागरिक स्तरबाट पनि हुँदै आएको छ। विधेयकले समाजिक सञ्जालसहित अभिव्यक्ति स्वतन्त्रता खुम्च्याएको भन्दै विरोध भएको हो।

## पूर्व माओवादीलाई नै सभामुख
# गजुरेल कि भुषाल ?





**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको सभामुख सम्बन्धी विवाद समाधानतर्फ अगाडि बढेको छ । सभामुख पूर्व माओवादी समूहलाई नै दिन प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओली तयार भएपछि विवाद समाधानतर्फ अगाडि बढेको हो। यसबारे बिहीबार र शुक्रबार नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र प्रधानमन्त्री ओलीबीच छलफल भएको थियो।

बालुवाटारमा भएको उक्त छलफलमा प्रधानमन्त्री ओलीले सभामुख पद पूर्व माओवादी पक्षलाई दिन तयार भएका हुन् । प्रचण्ड निकट स्रोतका अनुसार ओली र दाहालबीच सभामुख चयनबारे शुक्रबार बिहानै बालुवाटारमा छलफल भएको थियो । सभामुख चयनबारे आइतबारसम्म नतिजा आउने जनाइएको छ।

स्रोतका भन्यो 'सकेसम्म आजै सहमति गर्ने र भोलि सचिवालय बैठकबाट त्यो अनुमोदन गर्ने योजना बनेको छ। नेकपाको पूर्व माओवादी खेमाबाट सभामुखका लागि अग्नि सापकोटा, पम्फा भुषाल, देव गुरुङ, हरिबोल गजुरेल लगायतका नेताको नाम चर्चामा छ।'

तर, प्रतिनिधि सभाको सभामुखका लागि प्रचण्डले प्रभावशाली नेता अग्नि सापकोटाको नाम अगाडि सार्दै आएका छन् । दोस्रो विकल्पमा पम्फा भुसालको नाम अगाडि सारिएको छ। तर ओलीले दुवै नाममा सहमति नजनाएको अवस्थामा प्रचण्डले हरिबोल गजुरेलको नाम समेत अगाडि सारेका छन् । प्रधानमन्त्री ओलीबाट सहमति आउनसक्ने संकेत पाएपछि प्रचण्डले गजुरेललाई सभामुख उम्मेदवार बनाउनेबारे पूर्व माओवादी खेमाका नेताहरूसँग छलफल गरेको स्रोतले जनाएको छ।

'सभामुखको उम्मेदवारको लागि प्रचण्डको पहिलो रोजाइ अग्नि सापकोटा र दोस्रोमा पम्फा भुसाल हुनुहुन्छ,' नेकपा स्रोतले भन्यो, 'दुवैमा सहमति हुन नसके मध्यमार्गी विकल्पमा गजुरेलको नाम समेत आएको छ।' भुसाल ललितपुर ३, सापकोटा सिन्धुपाल्चोक १ र गजुरेल सिन्धुलीबाट प्रत्यक्ष निर्वाचित सांसद हुन्।

यसअघि पूर्व माओवादीबाट देव गुरुङको नाम समेत चर्चामा थियो । संसद सचिवालयमा कार्यरत एक महिला कर्मचारीलाई दुर्व्यवहार गरेको आरोप लागेपछि तत्कालीन सभामुख कृष्णबहादुर महराले गत असोज १४ गते राजीनामा दिएका थिए। सभामुख नहुँदा संसदका नियमित काम प्रभावित हुन पुगेको छन्।

## सर्भर डाउन भएपछि
# विभागको सूचना प्रणाली नै अवरूद्ध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ

वैदेशिक रोजगार कार्यालय ताहाचलले शनिबार पनि कार्यालय खोलेर सेवा दिने भएको छ । वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफआइएमएस)मा बुधबारदेखि शुक्रबार मध्यान्हसम्म प्राविधिक समस्या आएपछि धेरै म्यानपावर कम्पनीले पेश गरेका अन्तिम श्रम स्वकृतिका फाइल रोकिएका छन्। जसका कारण शुक्रबार, शनिबार र आइतबार रोजगार गन्तव्यमा जानुपर्ने कामदार रोकिएका छन्।

बुधबारदेखि प्रणालीमा समस्या देखा पर्न थालेको थियो। शुक्रबार बिहान कामकाज पूर्ण रुपमा ठप्प हुँदा अनलाइन प्रणालीबाट दिइने श्रम स्वीकृति अवरुद्ध भएको थियो । शुक्रबार मध्यान्हबाट प्रणाली मार्फत् काम भएपनि पहिले जस्तो सहज नभएको बताइएको छ।

विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले शनिबार र आइतबार वैदेशिक रोजगारीमा जानेहरुको सहजताका लागि शुक्रबार अवेरसम्म र शनिबार कार्यालय सञ्चलन गर्ने निर्णय गरेको जानकारी दिए । शनिबार र भोलिपल्ट आइतबार टिकट बुक गरेका कामदारहरुको शनिबार श्रम स्वीकृति दिइने कार्यालयले बताएको छ।

शुक्रबार मध्यान्ह पछि प्रणाली सञ्चालनमा आएको थियो । तर एक दुई वटा काम भएपछि सर्भर डाउन भई प्रणालीमा समस्या देखिएको थियो । फ्रि भिसा फि टिकट अर्थात् शुन्य लागतमा कामदार पठाउनुपर्ने तर टिकट काटेको दिन उडाउन नपाएको भन्दै व्यवसायीहरुले श्रम स्वीकृति नपाउँदा ठूलो क्षति व्यहोर्नुपर्ने बताएका छन्।

विभागले वैदेशिक रोजगार प्रशासनलाई स्वच्छ बनाउने भन्दै अंग्रेजी नयाँ वर्षको जनवरी १ तारिखदेखि प्रणाली कार्यान्वयनमा ल्याएपनि विगत १५ दिनको अभ्यासले शुरुमै प्रणालीको प्रभावकारीतामा प्रश्न उठाएको छ । कुवेत, यूएई र कतारबाट प्रणालीको एटेस्टेशन मोड्युलमा डिमाण्ड नआएपछि विभागले पुस १५ गतेसम्म प्रमाणीकरण भई आएका मागपत्रमा आफैले डिजिटल हस्ताक्षर गरी विभागको सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस)मा राख्न आग्रह गरेको छ। उक्त डिजिटल प्रणाली विभागले उपलब्ध गराउने नभई व्यवसायीले खरिद गर्नुपर्ने छ।

विदेशस्थित नेपाली नियोगबाट दक्ष जनशक्तिको कारण देखाउँदै मागपत्र प्रमाणीकरण गर्न समस्या भएको बताएपनि विभागले पूर्व सूचना अनुसार नै विभागको प्रणालीको एटेस्टेशन मोड्युल प्रयोग भई डिमाण्ड आउनु पर्ने बताएको छ।

## वैदेशिक रोजगार विशेष

### कतारमा आप्रवासी कानूनमा परिमार्जन

**काठमाडौं/मस-** कतारले घरेलु आप्रवासी घरेलु कामदारहरुका लागि लागू गर्दै आएको आवागमन सम्वन्धी कानूनमा परिमार्जन गरेको छ। नयाँ परिमार्जनले आप्रवासी घरेलु कामदारहरुलाई केही सहज बनाएपनि लापरवाही गर्ने कामदारहरुले ठूलो आर्थिक नोक्सानी व्यहोर्नुपर्ने छ।

कतारका प्रधानमन्त्री तथा आन्तरिक मन्त्री अब्दुल्लाह बिन नासर बिन खलिफाले कतारी मन्त्रिपरिषद्को सन् २०१९ को निर्णय ९५ जारी गर्दै श्रम कानून अन्तर्गत नपर्ने आप्रवासी कामदारलाई कतार छोड्न आवश्यक पर्ने गमनपत्रको बाध्यता हटाएका छन् । उक्त निर्णयले कतारको राष्ट्रिय श्रम कानूनको दायर भित्र नरहेका घरेलु कामदारहरुलाई कतार छोडेर आफ्नो देश फर्किन यसअघि अनिवार्य गरिएको गमनपत्र (खुरुज पत्र) अब नचाहिने भएको छ।

नयाँ नियम अनुसार कतारका मन्त्रालय तथा सरकारी कार्यालयका कर्मचारी, तेल तथा ग्यास कम्पनीका कर्मचारी, समुद्रमा काम गर्ने कर्मचारी, कृषि कम्पनी र अस्थायी प्रकारका सबै कर्मचारीलाई नयाँ नियम लागू हुने छ । बैंक, गर गहना तथा लेखापरीक्षण अन्तर्गत कार्यालयका कर्मचारी मध्ये सबैले एकै साथ बिदा हुन भने पाउने छैनन्। कतारका मालिकले कुल आप्रवासी कामदार मध्ये बाँकी पृष्ठ २ मा

### यूएईको दुर्घटनामा ३ नेपालीको मृत्यु

**काठमाडौं/मस-** यूएईको अबुधावीमा भएको सवारी दुर्घटनामा मृत्यु हुने ६ जना मध्ये तीन जना नेपाली कामदार रहेका छन् । गल्फ न्युजका अनुसार दुर्घटनामा परी झापाकी ४४ वर्षीय कृष्ण कुमारी अधिकारी, प्युठानकी २४ भावना कुँवर र उमेर यकिन नभएकी बाराकी अमिसा मोक्तानको ज्यान गएको छ । यूएई प्रहरीले चालकको लापरवाहीले उक्त दुर्घटना भएको बताएको छ । दुर्घटनामा १४ नेपाली घाइते भएका छन्। उनीहरु सबै क्लिनर कम्पनीमा कार्यरत रहेका थिए। बाँकी पृष्ठ २ मा

# सत्य निरुपण आयोग बारे छलफल

**काठमाडौं/मस-** सत्य निरुपण तथा मेलमिलाप आयोग बारे सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका शीर्ष नेताहरुबीच प्रधानमन्त्री निवास बालुवाटारमा छलफल भएको छ। आयोगको विषयमा छलफल गर्न कांग्रेस नेताहरु बालुवाटार पुगेका थिए। तर, छलफलमा कुनै सहमति हुन सकेन।

बैठकमा सहभागी कांग्रेस नेता मिनेन्द्र रिजालले भने, 'द्वन्द्वकालीन मुद्दा समाधानका लागि केही कानुनहरु संशोधन गर्नुपर्ने आवश्यकता छ। त्यही विषयमा छलफल भएको हो। सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारी चयनका विषयमा पनि छलफल भयो। पदाधिकारी सिफारिसका लागि गठन गरिएको समितिलाई छिटै पदाधिकारी सिफारिस गर्न भनिएको छ।'

यसैगरी, छलफलमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संशोधनबारे सातै प्रदेशका द्वन्द्वपीडितसँग पुस २८ गते भएको परामर्शको रिपोर्टिङ गरिएको बैठकमा सहभागी नेता खिमलाल देवकोटाले जानकारी दिए। उनले भने, 'विधेयक संशोधनका विषयमा द्वन्द्व पीडितसँग भएको परामर्शको रिपोर्टिङ भयो। शीर्ष तीन नेतालाई उक्त रिपोर्ट बुझायौं। त्यही रिपोर्टको आधारमा अब विधेयकको मस्यौदा संशोधन गरेर संसदमा दर्ता हुन्छ।'

कानुन मन्त्रालयको नेतृत्वमा पुस २८ गते देशभर एकसाथ द्वन्द्व पीडितहरुसँग विधेयकबारे राय सुझाव लिइएको थियो। आजको बैठकमा पदाधिकारी सिफारिसको विषयमा पनि छलफल भयो। संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्याउन गठित यी दुई आयोग गत चैतदेखि पदाधिकारीविहीन छन्। सरकारले गत चैतमा बाँकी पृष्ठ २ मा

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौं, आफू पनि जोगिऔं र अरूलाई पनि जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भ्रमण वर्षले पर्यटनमा उत्साह : मन्त्री भट्टराई

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले नेपाल भ्रमण वर्षको विश्वभर प्रभाव परेको र यसले थप उत्साह तथा हौसला बढाएको बताएका छन् ।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेण्टस् (नाट्टा)को ५३औं वार्षिक साधारणसभाको आज यहाँ उद्घाटन गर्दै उनले स्वदेशसहित विश्वभर एकसाथ भ्रमण वर्षको उद्घाटनले नेपालको पर्यटनलाई विश्व बजारमा प्रवर्द्धन गर्न थप सहयोग पुगेको उल्लेख गरे ।

मन्त्री भट्टराईले भ्रमण वर्षका दौरानमा नेपालको पूर्वाधार तथा सेवाका सन्दर्भमा नकारात्मकभन्दा सकारात्मक पक्षलाई जोड दिन आग्रह गर्दै पर्यटकीय पूर्वाधार विस्तारसँगै सेवाको स्तरीकरणमा विशेष ध्यान दिइने बताए । उनले पर्यटनलाई देशका हरेक कुनासम्म जोड्न देशभरका ५३ वटै विमानस्थल पूर्ण क्षमताका साथ सञ्चालन गरिने बताए ।

एक वर्षभित्र दुई अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप न्यूनीकरण हुने




र मुलुकको उड्डयन क्षेत्रमा सहजता आउने उनको भनाइ छ । उनले आगामी मे महिनासम्म निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल व्यावसायिक सञ्चालनमा आउने र पोखरामा निर्माणाधीन क्षेत्रीय अन्तरर्ाष्ट्रिय विमानस्थल एक वर्षभित्रै सञ्चालन गर्ने गरी निर्माण कार्य तीव्र पारिएको जानकारी दिए ।

नेपालमा पर्यटकको सुरक्षामा कुनै कमजोरी नरहेको बताउँदै मन्त्री भट्टराईले सशस्त्र द्वन्द्वका बेलामा समेत पर्यटकले सुरक्षा चुनौती बेहोर्नु नपरेको स्मरण गराउँदै हल्लाको पछि नलाग्न आग्रह गरे । पर्यटकको सहजताका लागि बालाजुमा पर्यटक बसपार्क निर्माणको तयारी गरिएको तथा सन् २०२० भित्रै पोखरामा पर्यटक बसपार्क सञ्चालनमा ल्याउने योजना सुनाए ।

सन् २०२० देखि २०३० सम्म पर्यटकको दशकका रुपमा मनाएर अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धनका साथै पूर्वाधार निर्माणमा केन्द्रित हुने उनको भनाइ थियो । नाट्टाको अध्यक्षका प्रत्यासी भीमप्रसाद पन्तका अनुसार जारी साधारणसभामा अहिले बन्द शत्र चलिरहेको छ । अध्यक्ष, महासचिव र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत पश्चात निर्वाचन प्रक्रिया शुरु हुनेछ ।

**नाट्टा नेतृत्वका लागि तीन समूह प्रतिस्पर्धी**

नाट्टाको निर्वाचनबाट हुने नयाँ नेतृत्वका लागि तीन अलगअलग समूह चुनावी प्रतिस्पर्धामा छन् । अध्यक्ष पदका लागि हालका वरिष्ठ उपाध्यक्ष अच्युत गुरागाईं, पूर्वमहासचिवद्वय भीमप्रसाद पन्त र मिहीका शाह धाख्वाले छुट्टाछुट्टै प्यानलसहित उम्मेदवारी घोषणा गरेका छन् ।

गुरागाईं समूहको वरिष्ठ उपाध्यक्षमा यज्ञमूर्ति आचार्य, उपाध्यक्षमा तारा बाँस्तोला, महासचिवमा राकेश धमला, सचिवमा गोविन्द दाहाल, कोषाध्यक्षमा कुमारमणि थपलिया र सहकोषाध्यक्षमा पासाङदावा शेर्पाले उम्मेदवारी दिएका छन् । त्यस्तै कार्यसमिति सदस्यमा सुवास महर्जन, पर्शुराम घिमिरे, प्रमोद दाहाल, नवराज भेटवाल, शरदकुमार दाहाल र रमेश थापाले प्रतिस्पर्धा गर्नेछन् ।

पन्त समूहबाट वरिष्ठ उपाध्यक्षमा विनय बस्नेत, उपाध्यक्षमा बरुण मेहता, महासचिवमा सुधीरकुमार उपाध्याय पौडेल, सचिवमा जस्विन तुलाधर श्रेष्ठ, कोषाध्यक्षमा हरिभक्त श्रेष्ठ र सहकोषाध्यक्षमा युविका भण्डारीको उम्मेदवारी दिएका छन् । कार्यसमिति सदस्यमा सुवर्ण श्रेष्ठ, हरिकुमार श्रेष्ठ, विष्णु खत्री, लक्ष्मी कार्की अधिकारी, चुँडाबहादुर जिम्बा, गीता अधिकारी, डेण्डी शेर्पा र रामसोभित नायकको उम्मेदवारी परेको छ ।

अध्यक्षको प्रत्याशीका रुपमा नाट्टाका पूर्वमहासचिव धाख्वा चुनावी प्रतिस्पर्धामा छन् । उनको समूहमा वरिष्ठ उपाध्यक्षमा नारायण गुरुङ कोने, उपाध्यक्षमा रमेश थापा, महासचिव कमला गुरुङ, सचिव अमृत ढकाल, कोषाध्यक्ष देवकी गुरुङ र सहकोषाध्यक्षमा फुदोमा शेर्पा रहेका छन् । कार्यसमिति सदस्यमा विजय राई, सुजिता गजमेर, विष्णु बस्नेत, सुवास महर्जन, सागर अधिकारी, भरतजङ्ग पाण्डे, सिर्जना महर्जन र राजकुमार देवकोटा छन् ।

आगामी दुईवर्षे कार्यकालका लागि हुने नाट्टा निर्वाचनले पदाधिकारी तथा सदस्यसहित १५ सदस्यीय नयाँ कार्यसमिति चयन गर्नेछ । जम्मा १७ सदस्य कार्यसमितिमध्ये थप दुई सदस्य मनोनित गरिनेछ । निर्वाचनमा कूल ४९८ मतदाता छन् । नाट्टाको विराटनगर, पोखरा, लुम्बिनी र पाल्पामा शाखा कार्यालय रहेका छन् ।

# विश्वकै होचा व्यक्ति खगेन्द्रको निधन

**पोखरा/३ माघ-** विश्वकै होचा व्यक्तिको कीर्तिमान राखेका खगेन्द्र थापामगरको निधन भएको छ । स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएका थापामगरको २८ वर्षको उमेरमा निधन भएको हो ।

स्वास्थ्यमा समस्या देखिएपछि बिहीबार राति १२ बजे मगरलाई मणिपाल शिक्षण अस्पताल पोखरामा भर्ना गरिएको थियो । मणिपाल अस्पतालको सघन उपचारकक्ष (आईसीयू) मा भर्ना भएका थापा मगरलाई शुक्रबार दिउँसो चिकित्सकको टोलीले मृत घोषणा गरेको खगेन्द्र थापा मगर प्रतिष्ठानका अध्यक्ष मीनबहादुर राना मगरले जानकारी दिए ।

खगेन्द्रको मुटुमा समस्या थियो । स्वासप्रस्वास, हेमोग्लोबिन कमी, सेतो रगत आवश्यकभन्दा बढी हुने समस्या खगेन्द्रमा रहेको




प्रतिष्ठानका अध्यक्ष रानाले बताए ।

बाग्लुङ धुल्लुवासकोट-६ का थापाले २०६७ असोज २८ गते विश्वकै होचा व्यक्तिको रुपमा 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' मा नाम लेखाउन सफल भएका थिए । त्यतिबेला थापा ५७ सेन्टिमिटर उचाइ थिए ।

रूपबहादुर थापामगर र धनमाया थापामगरबाट खगेन्द्रको धुल्लुबासकोट ६ मा १८ असोज २०४९ मा जन्म भएको थियो । जन्म भएको बेला खगेन्द्र मात्र ६०० ग्रामका थिए । उनको वजन ५.५ किलोग्राम मात्र रहेको थियो ।

# भ्रमण वर्ष सफल पार्ने बहराइनको प्रतिबद्धता

**काठमाडौं/मस-** बहराइनका परराष्ट्र सचिव डा सइका राना बिन्ट लसा अल खालिफाले नेपाल भ्रमण वर्ष २०२० सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । मनामास्थित नेपाली राजदूतावासमा आयोजित कार्यक्रममा भ्रमण वर्ष अभियानको शुभारम्भ गर्दै सचिव खालिफाले पर्यटनको माध्यमबाट नेपालको आर्थिक समुन्नति हुने धारणा व्यक्त गरे ।

उनले नेपाल र बहराइनले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा निकट रही सहकार्य गरिरहेकामा खुशी व्यक्त गर्दै भ्रमण वर्षको सफलताको शुभकामना दिएको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ ।

सोही दिन राजदूतावासले नेपाल र बहराइनबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ४३ औं वर्षगाँठको कार्यक्रम समेत गरेको थियो । कार्यक्रममा बहराइनका लागि नेपालका राजदूत पदम सुन्दासले नेपालका पर्यटकीय आकर्षणस्थलको उपयोग गर्ने उद्देश्यले भ्रमण वर्षलाई सफल बनाउन आह्वान गर्नुभयो । त्यसैगरी नेपाल र बहराइनबीचको कूटनीतिक सम्बन्ध सौहार्द्रपूर्ण रहेको भन्दै उनले पर्यटन, पूर्वाधार, वाणिज्य तथा मानव संसाधन क्षेत्रमा दुवै राष्ट्रले सहकार्य बढाउँदै लानुपर्ने बताए । बहराइन सरकारका उच्चपदस्थ कर्मचारी, व्यापारी र त्यहाँ खुलेका नेपाली संघसंस्थाका प्रतिनिधि सहभागी सो कार्यक्रममा भ्रमण वर्षको ब्यानर र चित्र राखिएको राजदूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# बेवारिसे महिलाको अस्पतालबाट उद्धार

**झापा/मस-** झापाको भद्रपुरस्थित मेची अञ्चल अस्पतालमा बेवारिसे अवस्थामा रहेकी महिलाको शुक्रबार मानव अधिकारकर्मीहरुले उद्धार गरेका छन् । उनलाई प्रदेश नम्बर १ का सामाजिक विकास मन्त्रालय मातहत रहेको बेसहाराको आश्रयस्थल इटहरीस्थित माया संरक्षण घरमा राख्ने गरी अस्पताल प्रशासनले सामाजिक अभियन्ता र पत्रकारहरुको उपस्थितिमा मानव अधिकारकर्मीलाई जिम्मा लगाएको छ ।

गत कात्तिक ३० गते बिरामी अवस्थामा काँकडभिट्टा प्रहरीले मेचीनगरबाट उद्धार गरी अस्पतालमा भर्ना गराइएकी ती महिलाका आफन्त खोजी गर्दा पत्ता लागेको थिएन ।

## भाडामा...

गराउने गरेका छन् । कपनकी ७५ वर्षीया एक बृद्धाको मृत्यु भयो । उनको किरिया भाडाका किरियापुत्रीबाट गरियो । घरमा छोराहरू हुँदा हुँदै पनि किरिया भाडाका किरियापुत्रीबाट गरिएको थियो । छोराले नभ्याउने भएपछि भाडाका किरियापुत्री खोजिएको थियो । धनाढ्य परिवारको भएकाले छोरा तीन दिनसम्म किरिया बसेछन् । त्यसपछि चोखिएर भाडाको किरियापुत्रीलाई कर्ता राखेका थिए ।

यसलाई कतिपय संस्कृतिविद् भने धर्मलाई व्यवसाय बनाइएको बताउँछन् । पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य-सचिव तथा संस्कृतिविद् डा. गोविन्द टण्डनले पछिल्लो समय धर्मलाई व्यवसायसँग जोडिएको बताए । आफ्नो संस्कार विस्तारै बिर्सिदैं विदेशी संस्कृतितर्फ आकर्षित भइरहेको पीढिले आफ्नो धर्म संस्कार भुल्दै गएको उनको भनाइ छ ।

## सर्भर...

पाँच प्रतिशत कर्मचारी आफैसँग राख्न पाउने छन् ।

नयाँ नियम अनुसार तत्कालै देखि सन् २०१७ को घरेलु कामदार सम्बन्धी कानून अन्तर्गत पर्ने कामदारले कम्तीमा ७२ घण्टा अघि मालिकलाई जानकारी दिएर कतार छोड्न पाउने छन् । तर मालिकको जानकारी नदिई कतार छोडे पाउनुपर्ने आफ्नो हिसाव नपाउने र आगामी चार वर्षका लागि कतारमा रोजगारी र प्रवेश नै गर्न नपाउने कडा प्रबन्ध गरिएको कतारका सञ्चारमाध्यमहरुले बताएका छन् ।

कतारको यस कदमको आप्रवासीहरुले स्वागत गरेका छन र खुशी तथा उत्साही भएका छन । कतारको राष्ट्रिय मानव अधिकार समिति कतारका नेपाल डेक्स प्रमुख प्रोफेसर रमजान अलि मियाँले यसबाट नेपाली कामदारहरुलाई समेत लाभ पुग्ने जानकारी दिए ।

## यूएईको...

बसका चालक पाकिस्तानी नागरिक हुन् । घाइतेहरुको अवस्था गम्भीर रहेको बताइएको छ । दुर्घटनामा परेर श्रीलंकाकी एक महिला र पाकिस्तानी गाडी चालक पुरुषको पनि मृत्यु भएको छ । मृतक एक जनाको पहिचान खुल्न नसेकको नेपाली दूतावासका काउन्सेलर श्रम भेष बहादुर कार्कीलाई उद्धृध गर्दै गल्फ न्युजले समाचार लेखेको छ ।

## सत्य...

पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा ५ सदस्यीय सिफारिस समिति गठन गरेको थियो । समितिले मंसिर पहिलो साता दरखास्त आह्वान गरेका ६१ उम्मेद्वारको सूची सार्वजनिक गरेको थियो । तर, राजनीतिक तहमा सहमति हुन नसक्दा समितिले नाम सिफारिस गर्न सकेको छैन । यसअघि प्रचण्ड र देउवाबीच यसबारे छलफल भएको थियो ।

शुक्रवार भएको छलफलमा प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी शर्मा ओली, नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेस सभापति शेरबहादुर देउवा, नेताहरू रमेश लेखक, मिनेन्द्र रिजाल, पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ र नेकपा नेता खिमलाल देवकोटा सहभागी थिए ।

## सावधान...

'कन्ट्री अलर्ट' जारी नगरे पनि आफूहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको हेल्थ डेस्कलाई चीनबाट आउने पर्यटकमा स्वास्थ्य समस्या देखिएमा त्यसलाई हेर्न भनेको बताए ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोनाभाइरस रुघाखोकीदेखि मिडल इस्ट रेस्पिरेटरी सिन्ड्रोम र सिभिएर एक्युट रेस्पिरेटरी सिन्ड्रोमजस्ता गम्भीर रोग निम्त्याउने भाइरसहरूको ठूलो समूहको एउटा सदस्य हो । नयाँ प्रकारको कोरोनाभाइरस यसअघि मानवमा पहिचान गरिएको थिएन । कोरोनाभाइरस जूनोटिक अर्थात् जनावर र मानिसबीच सर्ने भाइरस हो । पहिचान भएका थुप्रै प्रकारका कोरोनाभाइरस जनावरहरूमा देखिए पनि मानिसहरूलाई तिनले संक्रमति बनाएका छैनन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोनाभाइरसबाट सङ्क्रमित हुने मानिसहरूमा केही साझा लक्षणहरू देखिन्छन् । ज्वरो आउनु र खोकी लाग्नु, छिटोछिटो सास फेर्नु, श्वासप्रश्वासमा कठिनाइ हुनु, गम्भीर भएमा निमोनिया हुनु जस्ता लक्षण देखिने गरेको छ ।

## SAUDI मा रोजगार

१. कम्पनी : LATIFA ABDULLAH SALAIMAN AL SALAMA EST. शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/२८ चलानी नं.: ६०१४९९८९ L.T. No.: 230836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ३९,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee & Tea Maker & Others | 1 | 0 | | 1300 | ३९,२२० | | | | | | | |

२. कम्पनी : RESTAURANT SUPPLY TENDER FOR SERVING MEALS शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/२५ चलानी नं.: ६०१४९९०४ L.T. No.: 230555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant. | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ४८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker. | 1 | 0 | | 1000 | ३०,१७० | | | | | | | |

३. कम्पनी : IMTIYAZAT ALRIYADA EST शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/२५ चलानी नं.: ६०१४९९०५ L.T. No.: 230797

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : MAMDOUH RADINI TOUKAN ALENZI FOR CARS WASHING शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/२५ चलानी नं.: ६०१४९९०७ L.T. No.: 230558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १२ गते (26 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SKY LINE OVERSEAS PVT. LTD.
P.O. BOX:19165, Battisputali-9, Ratopul, Kathmandu
Tel:4490982, 4490983, E-mail: skylineoverseas1080@gmail.com
श्रम इजाजत पत्र नं.: १०८०/०७३/०७४

## साउदीमा रोजगार

१. कम्पनी : VITALITY MORNING CAFE TO SERVE DRINKS शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१५०१३० L.T. No.: 231161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Tea & Others Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : KHASHRAM HAMMOUD AL SHAMMARI MENS BARBER SHOP शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१५०१३१ L.T. No.: 231164

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Men Barber | 2 | 0 | स. काममा दक्ष | 1200 | ३६,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १२ गते (26 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## मलेसियामा रोजगारको अवसर

कम्पनी: HITACHI INDUSTRIAL EQUIPMENT (MALAYSIA) SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१५०१३७ LT. No.: 231190

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1100 | ३०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १२ गते (26 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
New Baneshwor, Shantinagar-34, Kathmandu, Nepal, P.O. Box: 13708
Tel : 4493645, 4493646, 4496647, Mobile no: 9808906734
Email: nfo@manpoweragencynepal.com

## कर्मचारी हटाईएको सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस फाइन जब रिक्रुटमेन्ट प्रा. लि. (श्रम इजाजत पत्र नं. ११८०/०७३/०७४) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०७६/०९/२० गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।**

| क्र.स. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | निर्मला माझी | खानीखोला गापा-०४, काभ्रेपलाञ्चोक | रिसेप्सनिष्ट |
| २. | मुना माया खत्री | फत्रेपुर-०३, सप्तरी | रिसेप्सनिष्ट |

Fine Job Recruitment Pvt.Ltd.
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np

## कतारमा रोजगार

कम्पनी: SHAQAB ABELA CATERING SERVICES CO. WLL शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७५/१२/१२ पून स्वीकृत मिति: २०७६/१०/०३ चलानी नं.: ६०१३८५४८ पून चलानी नं.: ६५७ LT. No.: 218834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | स. काममा दक्ष | 900 | २७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता जनप्रिय थकाली होटल पोखरा, कास्कीमा माघ १५ गते (29 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

All Rahim Manpower Pvt. Ltd.
Govt. Lic. No. 1264/074/075
Chandol-4, Chappalkarkhana, Kathmandu, Tel : 4444419, 4444429
Email: allrahimhr@gmail.com | Website: www.allrahimmanpower.com

## Free Visa ! Free Ticket !! सहित Malaysia मा रोजगार

कम्पनी : VISION WORTH SB., SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०३ चलानी नं.: ६०१५०१४६ LT. No.: 230699

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा माघ १२ गते (26 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

International Manpower Recruitment (P) Ltd.
श्रम इजाजत नं. ३०९/०५९/६०
Balkumari, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348

# एमसीसीको अनुदानमा कुनै स्वार्थ छैन : अमेरिका




**काठमाडौं/मस-** नेपालस्थित अमेरिकी दूतावासले मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को अनुदानमा कुनै स्वार्थ नजोडिएको स्पष्ट पारेको छ। साथै एमसीसीमा कुनै पनि सैन्य मामिला नजोडिएको दूतावासले जनाएको छ । यसमा सहभागी हुनका लागि नेपालले कतै पनि सम्मिलित हुनु नपर्ने र हस्ताक्षर गर्नु नपर्ने दूतावास प्रष्ट पारेको छ।

नेकपाभित्र नेता भीम रावल र देव गुरुङले अमेरिकी सैन्य रणनीतिअन्तर्गत रहेर एमसीसी सहयोग नेपालमा आएको भन्ने कुरा उठाएपछि यो विवादमा तानिएको थियो । एमसीसी सहयोग लिएमा नेपाल पनि अमेरिकी सैन्य रणनीतिमा सहभागी हुने आरोप नेकपाका केही नेताले लगाउँदै आएका छन् । अमेरिकी दूतावासले एमसीसीबारे विज्ञप्ति जारी गरेर स्पष्ट पारेको हो।

दूतावासले भनेको छ- 'यो ५० करोड डलरको अनुदान हो, जसमा कुनै स्वार्थ छैन, ब्याजदर छैन वा लुकेको कुनै प्रावधान छैन। नेपालले गर्नुपर्ने भनेको सहमति भइसकेका परियोजनाहरूमा उक्त रकम पारदर्शीरूपमा खर्च गर्न प्रतिबद्ध हुनु मात्र हो।'

शुक्रबार फेसबुकमा एमसीसीका बारेमा जान्नै पर्ने तथ्य भन्दै १० बुँदामा एमसीसी कम्प्याक्ट परियोजनाका बारेमा दूतावासले स्पष्ट पारेको हो। 'एमसीसीले काम गर्ने प्रत्येक मुलुकमा झैं नेपालमा पनि संसदीय अनुमोदन जरुरी छ। यसबाट पारदर्शिता स्थापित हुन्छ र नेपालीलाई परियोजनाबारे बुझ्ने अवसर पनि हुन्छ।'

यस्तै एमसीसीले नेपालका कुन परियोजनाहरूमा खर्च गर्ने भन्ने विषय आफ्नै प्राथमिकताहरूका आधारमा नेपाल नै प्रस्ताव र निर्क्योल गरेको पनि दूतावासले जनाएको छ।

एमसीसी परियोजना विशुद्धरूपमा आर्थिक विकासमा केन्द्रित रहेको दूतावासले जनाएको छ। विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत् आर्थिक विकासलाई सघाउने एमसीसी परियोजनाको लक्ष्य रहेको दूतावासको भनाइ छ।

नेपालको आग्रहमा अमेरिकी सरकारले सन् २०१२ मा नेपालसँग सहकार्य गर्दै एमसीसी कम्प्याक्टको योजना विकास गर्ने कार्यको थालनी भएको दूतावासले जनाएको छ।

# समाजवादी पार्टीको संगठन विस्तार अभियान शुरु



**कपिलवस्तु/मस-** 'संघीयता, सुशासन, समृद्धि, समाजवाद' नाराका साथ कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाको नगरपालिका हलमा आज समाजवादी पार्टी प्रदेश नं. ५ को आयोजनामा संगठन विस्तार तथा सुदृढीकरण अभियान उदघाटन एवं अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको सुरुवात कपिलवस्तु जिल्लाबाट गरिएको हो।

कार्यक्रमको अध्यक्षता समाजवादी पार्टी प्रदेश नं. ५ का अध्यक्ष अशोक यादवले गरेका थिए भने प्रमुख अतिथिहरुमा समाजवादी पार्टीका केन्द्रिय उपाध्यक्ष नवराज सुवेदी, सांसद सन्तोष पाण्डेय, पूर्व सांसद कमला विश्वकर्मा, प्रदेश नं. ५ प्रदेश सभासद सहसराम यादव, प्रदेश नं. ५ का प्रदेश सह इन्चार्ज नबिन सुनवार, प्रदेश नं. ५ का युवा नेता एवं पार्टी प्रवक्ता अकरम पठान, प्रदेश नं. ५ की सचिव हिमानी थापा मगर तथा प्रदेश इन्चार्ज एवं पूर्व मन्त्री दान बहादुर चौधरी, शैलेन्द्र कुमार यादवको उपस्थिति थियो। प्रदेश नं. ५ का प्रदेश मुख्य सचिव यज्ञ पोखरेलले कार्यक्रम संचालन गरेका थिए।

# मुख्यमन्त्री र मन्त्रीहरुको तस्बिरमा जुत्ता प्रहार



**धनुषा/मस-** धनुषाको जनकपुरधामस्थित जिरोमाईलमा प्रदेश दुईका मुख्यमन्त्री लालवाबु राउतसहित मन्त्रीहरुको तस्बिर अंकित व्यानरमा जुत्ता चप्पल हान्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ। विकासे कामको भुक्तानी नदिएको भन्दै मन्त्रीहरुको तस्बिर अंकित व्यानरमा जुत्ता चप्पल हान्ने उपभोक्ता संघर्ष समितिका पदाधिकारीलाई प्रहरीले पक्राउ गरेको हो।

भुक्तानी नदिएको भन्दै मुख्यमन्त्री तथा मन्त्रीहरुविरुद्ध प्रदर्शन गरिरहेका संघर्ष समितिका पदाधिकारीले जुत्ता चप्पल प्रहार गरेका थिए। प्रहरीले रोशन सिंह राणा, रोशन ठाकुर, विमलेश ठाकुर र शंकर साहलाई नियन्त्रणमा लिएको छ। यसअघि, उनीहरुले गत आर्थिक वर्षमा सम्पन्न गरेको योजनाहरुको भुक्तानी नदिएको भन्दै भौतिक पूर्वाधार विकास कार्यालय तालाबन्दी गरेका थिए।

यसअघि, भुक्तानीकै विषयलाई लिएर प्रतिपक्षी दल तथा सत्ता पक्षकै सांसदहरुले प्रदेशसभा बैठक समेत अवरुद्ध गरेका थिए। सोही कारण प्रदेशसभा बैठक अनिश्चितकालको लागि स्थगित गरिएको छ। गत आर्थिक वर्षमा विभिन्न मन्त्रालय र प्रदेश सांसद्मार्फत बाँडिएका योजनाहरुको करिब ८७ करोड रुपैयाँ भुक्तानी हुन बाँकी छ।

# व्यवसायमा घाटा लाग्दा स-परिवार त्रिशूलीमा

**धादिङ/मस-** ६ महिने शिशुसहित एकै परिवारका चार जना त्रिशूली नदीमा हाम फालेपछि वेपत्ता भएका दुई बच्चाको खोजी कार्य जारी छ। बिहीबार साँझ सात बजेतिर बेनिघाट रोराङ गाउँपालिका-४ स्थित बाँदरे मोडछेउबाट त्रिशूलीमा हाम फालेका एकै परिवारका चार जनामध्ये दुई बच्चाको खोजी जारी रहेको हो।

काठमाडौं चन्द्रागिरीका विनय लामिछाने र जमुना रेग्मी लामिछानेले दुई वर्षका छोरा विजन लामिछाने र ६ महिनाका छोरा साथैमा लिएर त्रिशूलीमा हाम फालेका थिए।

त्रिशुलीमा हाम्फालेलगत्तै श्रीमान विनयको स्थानीयबासीले जिवितै उद्धार गरेका थिए। श्रीमती जमुना भने मृत अवस्था भेटिएकी थिइन्। नदीमा हाम्फाल्नुअघि लामिछाने दम्पतीसँग प्रत्यक्ष भेटेकी बाँदरेमोडकी होटल सञ्चालिका बदनकुमारी श्रेष्ठले सिमसिमे पानी परिरहेकै बेला नदीमा हाम फालेको बताइन्।

**श्रेष्ठले दिएको बयानः**

'बुढाबुढी गाडीबाटसँगै झरे। सिमसिम पानी परिरहेको थियो। उनीहरुले छाता पनि किन्न खोजे। यता वरिपरि पसल थिएन। श्रीमानले छोराहरु बोकेपछि श्रीमती शौचालय गइन। श्रीमती नआउन्जेलसम्म यताउती हेरे। पारी जाने बाटो खोजेको होला भन्ने लाग्यो। बच्चा बोकेर यहीँ उभिरहेका थिए।

उनीहरूले दुध पनि बट्टामा बोकेर ल्याएका थिए। शौचालयबाट फर्केर आएपछि उत्तापट्टि मेरो बहिनीको घरमा उनीहरूले नै ल्याएको दुध तताएर सानो छोरालाई खुवाए। बहिनीका छोराहरूले बच्चालाई ताली बजाएर जिस्काए हँसाए। एकछिनसम्म यतै बसे त्यसपछि झोलुङ्गे पुल तरेर उनीहरू पारीपट्टि गए।

केहिबेरमा मान्छे बगायो-बगायो भन्ने हल्लाखल्ला भयो। मेरो बहिनीको छोराहरू कायक चलाउथ्यो। हत्तपत्त उनीहरू कायक लिएर दौडिए, केही बेर तल पुगेपछि केटाहरूले बुढाबुढीलाई निकालेछन् बच्चाहरू फेला परेनन्। उनीहरू त्यहीँ दम्पती रहेछन्, केहिअघि यही बसेर बच्चालाई दुध खुवाएर गएका थिए। पानीमा ती बच्चाहरुलाई कस्तो भयो होला ? कति निसास्सिए होलान ? बरु बच्चा यही छाडेर गएको भए मै पालिदिन्थे।

बेपत्ताहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। त्रिशूली नदी धमिलो भएकाले र पानी परिरहेकाले खोजी कार्यमा कठिनाइ भइरहेको धादिङ प्रहरी प्रमुख एसपी रबिन्द्र रेग्मीले जानकारी दिए। जिवितै उद्दार गरिएका विनय इलाका प्रहरी कार्यलय गजुरीको नियन्त्रणमा छन्।

बेपत्ता मध्ये सानो छोराको शुक्रबार पास्नी थियो। चन्द्रागिरीस्थित घरमा सुत्केरी परेको हुनाले जमुनाको माइतीमा पास्नी गर्ने योजना अनुरुप उनीहरू बिहीबार नै धादिङतर्फ आएका थिए। तर माइती रहेको आदमघाट बजारमा नझरी उनीहरू बाँदरे मै झरेका थिए।

व्यवसायमा घाटा लागेपछिः

जिवितै उद्दार गरिएका विनयले प्रहरीसँगको बयानमा व्यवसायमा घाटा लागेकाले स-परिवार आत्महत्या गर्न गएको बताए। लामिछानेको घरमा सुसाइड नोडसमेत भेटिएको प्रहरीले जनाएको छ। सुसाइड नोटमा उनले आफूले तिर्नुपर्ने ऋणको सबै विवरण समेत लेखेका छन्।

लेखिएको ऋण डेढ-दुई करोडजतिको रहेको प्रहरीले जनाएको छ। उनले एकै जनालाई ५० लाखसम्म तिर्नुपर्ने समेत सुसाइड नोटमा उल्लेख गरेको इलाका प्रहरी कार्यालय गजुरीका प्रवक्त डिएसपी खगेन्द्र खड्काले जानकारी दिए। लामिछानेको कमोडिटी अनलाइन बिजनेस छ जसमा उनलाई ठूलो घाटा भएको थियो।

# दक्षिण कोरियामा कार्यरत दुई नेपालीको निधन

**जीवन खत्री/रासस**
दक्षिण कोरिया, ३ माघ

रोजगारीका लागि दक्षिण कोरिया आएका दुई नेपाली युवाको छुट्टाछुट्टै घटनामा मृत्यु भएको छ। दक्षिण कोरिया, छल्लाबोक्दोस्थित एक बङ्गुर फार्ममा कार्यरत पाँचथरका विवेक राईले आत्महत्या गरे भने तनहुँका नरबहादुर रानाले औद्योगिक दुर्घटनामा परी ज्यान गुमाए। साँझ खाना खाएर सुतेका राई अर्को दिन आफू कार्यरत फार्मभित्रै मृत फेला परेका थिए। अढाइ महिना पहिला कोरिया आएका अविवाहित राईले बेलाबेलामा आफू मानसिक तनावमा रहेको बताउने गरेको उनका साथीले जानकारी दिए। घटनाबारे कोरिया प्रहरीले अनुसन्धान गरिरहेको सिउलस्थित नेपाली राजदूतावासले जनाएको छ।

तनहुँका रानाको भने कम्पनीमा छिगेछा (गह्रुँगो सामान उचाल्न प्रयोग हुने गाडी) मर्मत गर्ने क्रममा दुर्घटनामा परी मृत्यु भएको सँगै कार्यरत नेपालीले बताए। अविवाहित राना चार वर्ष १० महिनाको पहिलो कार्यकाल सकेर केही महिनाअघि मात्र कोरिया आएका थिए। ती घटनाबारे सिउलस्थित नेपाली दूतावासमा जानकारी आएको बताउँदै श्रम कन्सुलर डिल्लीराम बास्तोलाले दुवै शव नेपाल पठाउन आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए।

# तीन तहका सरकारबीच समन्वय आवश्यक : मुख्यमन्त्री पौडेल



**हेटौंडा/मस-** वागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले समृद्ध नेपालको महान् यात्रा तय गर्न सबै निकाय सक्रिय भएर लाग्नुपर्ने बताएका छन्। संघीय संसद्, प्रतिनिधिसभा विकास तथा प्रविधि समितिको आयोजनामा आजबाट हेटौंडामा शुरु भएको 'विकास र समृद्धिमा अन्तर तह समन्वय' विषयक दुई दिने अन्तरक्रिया कार्यक्रममा उनले भने, 'मुलुकको विकास र समृद्धिका लागि सबै नेपालीले इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।'

मुख्यमन्त्री पौडेलले मुलुकमा संघीयता आएको र सोही अनुसारको संरचनाहरु बनेको भए पनि केन्द्र नै सबैथोक हो भन्ने मानसिकता सबैतिर हाबी भएको उल्लेख गर्दै स्थानीय तह बनिसकेपछि पनि संघीय सरकारले विकास निर्माणका काममा आफ्नै संरचना बनाएर जिल्ला जिल्लामा काम गर्दै आएको बताए।

केन्द्र, प्रदेश र स्थानीय सरकारका अधिकारबारे संविधानमा स्पष्ट व्यवस्था रहे पनि विविध कारणले त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उनले काम र अधिकारको वर्गीकरण नहुँदासमेत प्रदेश सरकारले सोचेअनुसार विकास निर्माणको काम गर्न नसकेको बताए।

मुख्यमन्त्री पौडेलले मुलुकको विकास र समृद्धिका लागि तीन तहका सरकारबीचमा समन्वय, सहकार्य र एकता अपरिहार्य आवश्यकता भएको बताउँदै विगतका र वर्तमानका काम गराइमा तात्विक भिन्नता नआएकाले अहिले पनि जनताका धेरै फाइल कार्यान्वयन नभएर टेबलमै थन्किएर बस्ने गरेको धारणा व्यक्त गरे।

प्रतिनिधिसभा विकास तथा प्रविधि समितिकी सभापति कल्याणी खड्काको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा प्रतिनिधिसभा अर्थ समितिका सभापति कृष्णप्रसाद दाहालले राज्यका तीनै तहका सरकार एकापसमा स्वायत्त भए पनि विकास निर्माणलगायत आयोजनामा समन्वय गरेर काम गर्नुपर्ने बताइन्।

# लागुऔषधसहित ८ जना पक्राउ

**लहान/मस-** सिरहाका विभिन्न स्थानबाट प्रहरीले एकै दिन लागुऔषधसहित आठ जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यलय लहानबाट खटिएको टोलीले स११ प ८०१, स८प ७९८१, स७ प ७८५४ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा लागुऔषधसहित गएराति लहान नगरपालिका- ८ का २२ वर्षीय राकेशकुमार महतो, २० वर्षीय कान्छा महतो, २२ वर्षीय सुमित गुप्ता, लहान- २ का २५ वर्षीय लक्ष्मेश्वर महतो र २६ वर्षीय धनिकलाल महतोलाई पक्राउ गरेको हो। पक्राउ परेकाको साथबाट लागुऔषध ब्राउन सुगर एक ग्राम ९० मिलिग्राम र गाँजा १० ग्राम ६७० मिलिग्राम बरामद गरिएको जिल्ला प्रहरी कार्यलयका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए। यस्तै सिरहाको भगवानपुर गाउँपालिका-५ इनर्वाबाट प्रहरीचौकी ठाडीको टोलीले लागुऔषधसहित लहान- ५ का २० वर्षीय मोहम्मद समीरलाई पक्राउ गरेको छ। पक्राउ परेका समीरको साथबाट लागुऔषध फेनारगन सात एम्पुल, डाजिल्याब सात एम्पुल, नामलेबल नभएको सात एम्पुल बरामद् गरिएको प्रहरीले जनाएको छ।

प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरी टोलीले सिरहा-१६ खिरौनाबाट प्रतिबन्धित लागुऔषधसहित सिरहा-२ का १९ वर्षीय रामभरोसी मुखिया र कल्याणपुर नगरपालिका- २ का १८ वर्षीय अजितकुमार मुखियालाई पक्राउ गरेको छ। भारततिरबाट आउँदै गरेका दुवै जनालाई शङ्का लागेर जाँच गर्दा लागुऔषध नाइट्रोभेट २५ ट्याबलेट, नर्फिन एक एम्पुल, फेनारगन एक एम्पुल, डाइजेपाम एक एम्पुल र एमिल एक बरामद गरिएको जिल्ला प्रहरी कार्यलयले जनाएको छ।

**तालिमको सुवर्ण अवसर**

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

**HILTON ACADEMY PVT. LTD.**
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

**होटल तालिम !**

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।

Get your skill for your future carrier



✔ **HK**
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ **KITCHEN**
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ **F&B**
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ **FRONT DESK, RECEPTION**

**रोजगारी पनि भविष्य पनि**

- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं।

**NICHOLAS HOSPITALITY SERVICES (P).LTD**
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

कथा

# प्रेमिल मोड

खोई किन हो, त्यतिबेला हामी निकै निकट थियौं । कलेज एउटै, विषय एउटै । त्यो त माध्यम थियो । थेसिस बुझाएपछि घरमा बिहेको कुरा चल्यो । हामीबीच बिहे त परैको कुरा, एक( अर्कालाई प्रेम गर्छौं भन्ने पनि थिएन ।



नारायण अर्याल

'हिजो अलि बढी नै भो कि ?' हेल्लो पनि भन्न नभ्याउँदै ऊ पड्की ।

मनमनै सोचेँ–यो संसारमा कुनै दिन केटाहरू भएनन् भने केटीहरू कहाँ गएर पड्कन्छन् होला है ।

महिलाहरूलाई पहिला पोखिन दिनुपर्छ । अनि मात्रै सम्हाल्नुपर्छ । उनीहरू पोखिन खोज्दाखोज्दै रोक्यो भने आफूलाई पनि सँगै पोख्छन् ।

– हिजोदेखि चेक गरिरहेकी छु । तिमी कुनै पनि बेला अनलाइन छैनौ । फोन अफ थियो । बल्ल अनलाइन देखियौ तर, फोन उठाउन ढिला गर्यौ । तिमी किन यसरी हराउँछौ ?

केटीहरू प्रश्नैप्रश्नको पोका पो हुन् कि ? फेरि पनि मैले बोल्ने मौका पाइनँ ।

– दूरी पो टाढा हो त, मन त टाढा छैन नि ।

ऊ पग्लिई । महिलाहरूको आवरण पत्थरको र दिल नौनीको हुन्छ कि ? – सोचेँ मात्रै । बोलिनँ ।

महिलाहरूलाई पहिला पोखिन दिनुपर्छ । अनि मात्रै सम्हाल्नुपर्छ । उनीहरू पोखिन खोज्दाखोज्दै रोक्यो भने आफूलाई पनि सँगै पोख्छन् ।

– टाढा छ भनेपछि केही पनि थाहा पाउँदिन भन्ने सोचेका छौ होला । तर, साह्रै नजिक महशुस गर्छु ।

यति भनेर फोन काटी । अनि मैले फोन डायल गरेँ । रिसिभ गरी । म बोलिनँ ।

– नबोल्ने भए किन फोन गरेको ?

'बोल्न दिन्नौ त कसरी बोलौँ ?' बल्ल जवाफ दिएँ ।

– बोल, तर केही नढाँट नि ।

शर्त राखी । स्वीकार गरेँ । वर्षौं भो, रमिताले यसरी मेरो दिनचर्यामा चियोचर्चो गर्न थालेको ।

बीचमा टुट्यो । मेरो कारणले । फेरि जोडियौं । उसको कारणले ।

मेरा व्यथा छन् । उसका पनि कथा छन् । क्रमशः भन्छु ।

कलेजमा प्रोफेसरको कम, उसका ज्यादा प्रश्नको जवाफ दिनुपर्थ्यो मैले । मेरो करियरको बारेमा मभन्दा ऊ बढी चिन्तित थिई । मेरो प्रोजेक्टको भन्दा उसको कमेन्टको टेक्स्ट बढी हुन्थ्यो मेरा नोटबुकहरूमा । उसले मलाई यति योग्य बनाई कि म ऊभन्दा योग्य केटीका लागि योग्य ठहरिएँ ।

दुर्भाग्य– उसले मेरो जीवन सजाइदिई । मैले उसको सपना भत्काइदिएँ ।

ओशोले कतै भनेका छन्( जोसँग जे छ त्यही दिन्छ ।

रमितासँग सिर्जना थियो । मसँग विनाश ।

छुट्टिएको निकै समयपछि रमिताले नै हामीलाई पुनः जोडेकी हो ।

'प्रिय रबि' टेक्स्टमा लेखेकी थिई ।

मन भत्काउनेलाई कसरी प्रिय भन्न सकी होली ?

म कसैको प्रिय हुनलायक छैन भन्ने लाग्न थालेको थियो ।

उसले लेखेकी थिई–

'हामीलाई सँगै हुन समयले साथ दिएन । अझ भनौं हाम्रो भावनामा परिवार तगारो बन्यो । तिमी अन्यत्रै जोडियौ । त्यतिबेला त मैले तिमीलाई बधाइ दिएँ । तर, म नेपाल बसिरहन सकिनँ । लगत्तै म अमेरिका आएँ । खासमा म तिमीलाई बिर्सिन पनि यता आएकी हुँ, कलेज त बाहना मात्र हो । तर, भौगोलिक दूरी र भावनाको दूरी समान हुँदो रहेनछ । मन टाढा बनाउन गाह्रो हुँदो रहेछ ।

यसबीचमा तिमीलाई परेको पीडा पनि थाहा पाएँ । दुःख लाग्यो । त्यही घटनापछि तिमी अलि बेचैन छौ जस्तो लागेको छ । आफूलाई सम्हाल्नू ।'

रमिता ।

जब मेसेज हेरेँ मेरा मनभरि नानाथरि कुरा खेल्न थाले । आखिर रमिताले भन्न खोजेको कुरा के हो ? उसको चाहना के हो ? ऊ अझै पनि मेरो किन यति चासो राख्छे ? मनमा यस्तै सोचिरहेँ ।

अब मेरो कथा भन्छु ।

दिलबाट रमितालाई निकालेर कञ्चनलाई अपनाएको थिएँ । कञ्चनको परिवार उच्च खानदानको थियो । उनीहरूको घरमा सधैँ महफिल जमेझैं हुन्थ्यो । ड्रिंक्स र डान्स उनीहरूको सामान्य संस्कारभित्र पर्थ्यो ।

रमिता र कञ्चनबीचमा यहीँ अन्तर थियो ।

रमितासँग बिताएका पलहरूमा पिउन पाइँदैनथियो । कञ्चनसँगका पलहरू नपिई बित्दैनथ्यो । रमिता पिउन रोक्थी । कञ्चन पिउन उक्साउँथी । एकदिन पिउन निकै नै उक्साएकी थिई, कञ्चनले ।

चार महिनापछि पो थाहा पाएँ, होटल सोल्टीबाट मैले ड्राइभ गरेको गाडी सोल्टिमोड आइनपुग्दै दुर्घटनामा परेको थियो र सदाका लागि कञ्चनलाई गुमाएको थिएँ ।

कञ्चनलाई गुमाएपछि पुनः रमिताको कल र टेक्स्ट आउन थालेको छ ।

रमिताको कलले कहिले उत्साह थप्छ, कहिले गलाउँछ ।

ऊ कहिले बाँच्ने आशा जगाउँछे । म खुसी हुन्छु । कहिले मेरो पिउने बानीले एउटी महिलाको ज्यान गुमेको सम्झाउँछे । म आत्तिन्छु ।

हरेक कुराकानीको अन्तमा भन्छे, 'जिन्दगी त अझै धेरै छ नि । आफूलाई सहज बनाऊ ।'

जीवन सहज बनाउने न त ऊसँग खास फर्मुला छ, न मसँग नै । तैपनि कुराकानीले निरन्तरता पाउनुको विकल्प थिएन ।

बाँचेपछि त जिन्दगीका कुरा गर्नै पर्यो नि । छाडेर जानेहरू पो गए त । मैले पनि थपेँ । जिन्दगीमा छाड्नेहरू धेरै भेटिँदा रहेछन् । दुई(चार दिन रमाइलो गरायो । आशा जगायो । योजना बनायो अनि छोडेर गयो । छाडेर जानेलाई के थाहा ? ती आशा र योजनाका बारेमा !

– 'तिम्रो त्यही बानीले त हो नि ।' उसले फेरि ओठे जवाफ फर्काई ।

– 'हो, त्यो मेरै बानी हो । तर, मेरो बानीले त मलाई नै "..।'

– 'भो यसलाई छोडीदेऊ । अब त केही समयमा तिमी पनि ठीक हुन्छौ । अनि जिन्दगीलाई नयाँ मोडमा लैजानुपर्छ ।'

'म फ्रेस हुन्छु, ब्रेकफास्ट खाएपछि कुरा गरौंला' भनेर मैले फोन काटिदिएँ ।

आखिर रमिता के चाहन्छे ? ऊ कलेजमा मिल्ने साथी हो । म भन्दा ऊ जान्ने थिई । बेला(बेला मलाई सिकाउथी । उसले मलाई सिकाएको चाहिँ पटक्कै मन पर्दैनथ्यो । तर पनि उसले मलाई सिकाउन छोड्दैनथी । कलेजमा जबरजस्त मलाई कम्प्लिट गराउँथी, आफूजस्तै । एउटा प्रोजेक्ट वर्कमा त प्रोफेसरलाई भनेर मलाई पनि उसकै टिममा राखिछे । मेरो थेसिसको टपिक्स पनि उसले नै छानिदिएकी थिई ।

नयाँ बानेश्वरको क्याफेमा कफी पिउँदै गर्दा मैले उसलाई बिहेको कार्ड दिएँ । उसले बधाई पनि दिई र हाँसो गर्दै भनी, 'तिम्रा होमवर्कहरू सच्याइदिएजस्तै यो कार्डको बेहुलीको नाम पनि सच्याउन पाए आफैंलाई भाग्यमानी ठान्थेँ ।'

'तिमीले छानेको टपिक्समा थेसिस पनि तिमीले नै लेखिदिनुपर्छ है,' मैले घुर्क्याएको थिएँ एकदिन । त्यसलाई पनि उसले सहजै स्वीकारेकी थिई ।

'भाइवाचाही आफैँले दिनुपर्छ नि,' उसको जवाफ यति थियो ।

खोई किन हो, त्यतिबेला हामी निकै निकट थियौं । कलेज एउटै, विषय एउटै । त्यो त माध्यम थियो । थेसिस बुझाएपछि घरमा बिहेको कुरा चल्यो । हामीबीच बिहे त परैको कुरा, एक( अर्कालाई प्रेम गर्छौं भन्ने पनि थिएन । नातेदार नभए पनि बसाइ एउटै टोलमा थियो । रमिताले आफ्ना बाआमालाई भनिछ क्यारे( हाम्रो घरसम्म त्यो कुरा आइपुगेछ । मैले थाहा पाउँदा त कुराले अर्कै मोड लिएछ । कुरा अगाडि बढ्न नपाउँदै सेलाइसकेको रहेछ ।

नयाँ बानेश्वरको क्याफेमा कफी पिउँदै गर्दा मैले उसलाई बिहेको कार्ड दिएँ । उसले बधाइ पनि दिई र हाँसो गर्दै भनी, 'तिम्रा होमवर्कहरू सच्याइदिएजस्तै यो कार्डको बेहुलीको नाम पनि सच्याउन पाए आफैंलाई भाग्यमानी ठान्थेँ ।'

बेहुलीमा ऊ आफ्नो नाम चाहन्थी । तर, म विवश थिएँ । त्यसलाई सहजै बुझी । त्यसैले त आफ्नो कुरा ठट्टामा भनी ।

तर, उसको कुराले मलाई गम्भीर बनायो ।

उसलाई दिने जवाफ मसँग थिएन । लाग्यो, उसको मनमा म प्रतिको माया अझै कायमै छ ।

ब्रेकफास्ट सकेर रूममा आउँदा उसको मेसेज आइसकेको रहेछ( 'फ्री भएपछि कल गर्नु है !'

जवाफ नलेखी कल गरेँ ।

– 'अबचाहिँ सुध्रिएछौ,' हाँस्दै बोली ।

'किन ?' प्रश्न मेरो थियो ।

– हाँसो गरेको नि । यतिका दिनपछि तिमीसँग कुरा हुन पाएको छ । अलिअलि जिस्किन त पर्यो नि । हुन्न ?

– यसरी पनि के जिस्किनु त ? बेला न कुबेला ।

– जिस्किन पनि साइत निकाल्नुपर्छ र ?

– त्यसो भनेको होइन । तिम्रो चाहनाअनुसार त मैले कल गरेको नि ।

– अँ भन के छ तिम्रो ताजा खबर ? पिएचडी सक्यौ ? काम पनि गर्दै छौ कि ?

– युनिभर्सिटीको काम त सबै पूरा भयो । अब गाइडले ओके गर्न बाँकी छ । पार्टटाइम काम पनि गर्दै छु । अमेरिका बस्ने खर्च त जुटाउनु पर्यो नि ।

'ट्याक्सी चढ्नासाथ तिमी मेरो काखमा निदायौ । अचेत थियौ । हो, त्यही दिनदेखि मैले तिम्रो बारेमा चासो राख्न थालेको । तिम्रो ख्याल गर्ने मेरो बानी अहिलेसम्म हटेकै छैन । पिएपछि थोरैले हुँदै नहुने तिम्रो बानी, उफ् !'

'साँच्ची रवि, तिम्रो मिल्ने साथी रमेश कहाँ छ अचेल ?' उसले अनायासै रमेशको प्रसंग निकाली ।

'रमेशको त बिहे भइसक्यो । एउटा कलेज पढाउँछ, घरजम गरेर बसेको छ । सिटफुल छ ।' मैले पनि ठट्यौली पारामा जवाफ दिएँ ।

दुवै हाँस्यौं एक छिन् । सायद हामी यसरी नहाँसेको पनि वर्षौं भइसकेको थियो ।

'फर्स्ट सेमेस्टर पढ्दा रमेशको बर्थडे मनाएको याद छ तिमीलाई ?' फेरि अनायासै पाँच वर्षअघिको कुरा कोट्याई उसले ।

– थाहा छ । एलिनाज क्याफेमा त पार्टी थियो नि ।

– त्यसरात तिमी कसरी घर पुग्यौ, सम्झेका छौ ?

– खोई कसले पुर्याइदियो ? तर, म घरमै सुतेको हो ।

– सुन्छौ के ? सुन्छौ भने म भन्छु नि !

उसले सोधपछि मलाई नै कौतुल लाग्यो र सुन्छु भनेँ ।

उसले भनी

'तिमी त्यति बेहोस हुनेगरी पिउँछौ भन्ने मैले त्यही बेला थाहा पाएकी हुँ । राति सबैजना घर जाँदासम्म पनि तिमी पिइरहेका थियौ । पार्टी सकिएपछि पनि तिमी घर जान मानेनौ । तिमीलाई अलि बढी नै लागेको थियो । सबै साथीहरू छाडेर हिँडिसकेका थिए । तर, तिमीलाई त्यसै छाडेर हिँड्न मलाई मन लागेन । राति साढे बाह्र बजिसकेको थियो । वेटरले समेत आँखा तरेपछि तिमीलाई बल्ल(बल्ल मैले क्याफेबाट बाहिर निकालेँ । तिमी अझै पनि बाइकमै जान्छु भन्दै थियौ । बाइक छोडेर मैले नै तिमीलाई ट्याक्सीमा राखेर घरसम्म पुर्याएकी थिएँ ।

तिमीलाई टन्नै नशा लागेको थियो( ट्याक्सी चढ्नासाथ तिमी मेरो काखमा निदायौ । अचेत थियौ । हो, त्यही दिनदेखि मैले तिम्रो बारेमा चासो राख्न थालेको । तिम्रो ख्याल गर्ने मेरो बानी अहिलेसम्म हटेकै छैन । पिएपछि थोरैले हुँदै नहुने तिम्रो बानी, उफ् !'

'कहिलेकाँही त्यस्तै हो । ती कुरा छाडौं ।' मैले प्रसंग मोड्न खोजेँ( 'अनि तिमीले बिहे कहिले गर्छ्यौ नि ? नेपालमै गर्ने हो भने निम्तो गर्नु है !'

ऊ केही बोलिन । मेरो प्रश्नले रमितालाई भावुक बनायो सायद ।

रमिता बिहेको कुरा सुन्न पनि चाहन्न । मसँग बिहे नहुने भएपछि घरमा अरू कसैसँग बिहेको कुरा चलाउन थालेका थिए । बिहे टार्न ऊ कलेजको निहुँमा अमेरिका भागेकी थिई ।

एकछिन पछि बोली( 'मलाई बिहे गर्न मन छैन । त्यतिबेला तिमीसँग बिहे गर्ने मन थियो, भएन । अब बिहे नै हुँदैन । बरू तिम्रो पढाइ के भो ? एमफिल त ज्वाइन भएका थियौ क्यारे । पिएचडी गर्छौ कि त्यतिकै बस्ने हो ?

– सोच्दै छु ।

– यतै आउछौ भने सहयोग गरूँला नि ।

कुराकानीलाई बिट मार्यौं ।

फोन राख्नासाथ उसको टेक्स्ट आयो, 'ह्याप्पी न्यू इयर !'

ओहो ! मैले त बिर्सिएको । आज न्यू इयर इभ पो हो त ! मैले पनि विस गरेँ ।

'नयाँ वर्षमा केबल दुईवटा कुरा गर,' उसले लेखी, 'पहिलो– पिउन छाड । दोश्रो– खुसीले बाँच्न सिक ।'

सहमति जनाएँ । र, भनेँ– 'अब रक्सी खान्नँ । जे बित्यो बित्यो । अपराधबोध गरेर मात्रै बाँच्नु हुँदैन ।'

तर,

न्यू इयर इभमा साथीहरूको जमघट भो । भोलिपल्टबाट नपिउने उपलक्ष्यमा दिनभर पिइयो ।

पिएर आफैँ सवारी चलाइनँ । ट्याक्सीमा घर गएँ । सायद सुध्रिन सुरू गरेछु जस्तो पनि लाग्यो ।

घर पुग्दा मध्यरात भइसकेको थियो । ढोका खुल्लै रहेछ । सायद बिहान लगाउन बिर्सिएछु कि !

कोठामा पुग्दा कञ्चनको फोटोमा आँखा पर्‍यो । फोटोमा ताजा फूलको माला फेरिएको थियो । फोटोको सामुमा बालिएको अगरबत्तीको सुगन्ध अझै फैलिएको थियो । ओहो ! कञ्चन बितेको पनि एक वर्ष भएछ !

सरी कञ्चन,

भोलिबाट नयाँ जीवन सुरू गर्दैछु । आज कसैले मन मोडिदियो । पिउन छाडिदिन्छु । मदिराको कारण तिमीलाई गुमाएँ, अब माया गर्ने कसैलाई गुमाउन चाहन्न । मलाइ माफ गरिदेऊ ल ।

मैले मदिराको तालमा नै कञ्चनको फोटोलाई ढोगेँ ।

– 'आर यू सिरियस ? प्रोमिश ?' कञ्चनको आवाजले तर्सिएँ ।

टाउको उठाएर हेरेँ । फोटोमा कञ्चन मुस्कुराइहेकी थिई ।

'डु यू स्पिक ?' मैले सोधेँ ।

'एस, आइ एम,' आवाज पछाडिबाट आयो ।

फर्किएँ, 'रमिता मेरो पछाडि उभिएकी थिई ।'

'ह्याप्पी न्यू इयर साथी !' रमिता बोली ।

मैले उसलाई अँगालोमा बेरेँ । तब लाग्यो( यो अँगालो कहिल्यै नछुटोस् !

> न्यू इयर इभमा साथीहरुको जमघट भो । भोलिपल्टबाट नपिउने उपलक्ष्यमा दिनभर पिइयो । पिएर आफैँ सवारी चलाइनँ । ट्याक्सीमा घर गएँ । सायद सुध्रिन सुरु गरेछु जस्तो पनि लाग्यो ।

गद्य कविता

## बुख्याँचाको जग्गामा खुशीका जराहरू



डा.मधु माधुर्य

भूत तर्साई रहेछ वर्तमान
मुखुण्डो ओढेर आज्ञात भविष्यको....
समवेदनाविहिन 'बुख्याँचा' हामी निर्भिक देखिरहन्छौँ....

'म' मा खसेर बिलाउन नसकेको म
हामी बनेर फेरी फुटिरहेछु
'बुख्याँचा' धर्मको टेक्नोसेन्टरमा यसरी दुर्घटनाग्रस्त छु....

भगवानले आफुलाई ऐनामा हेर्दा मान्छे देखेको कथाको
आज एउटा साक्षी र पात्रसम्म भएको छु...

भगवानलाई मन पर्ने स्तुति र प्रशंसाको आँधीबेहरीले
बुख्याँचा को दिलमा खुशी र उमंगको दूबो पलाएन
अनास्थाको सुनामी बहुलाएको दिन मेरो दरबार गर्लम्म ढल्यो
उसको खुशीको सगरमाथाले आकाशै छेड्यो....

के चाहियो भनेर भगवान मान्छेलाई केहि सोध्दैन
बुख्याचाको चाहिं दिन आउँदो रहेछ...
र जवाफमा बुख्याचा मौन छ
फेरि भगवान सोध्छ के चाहिन्छ ?जे माग्छौ त्यहि पाउँछौ..

तर तिम्रो छिमेकीले भने त्यहि कुरो डब्बल पाउनेछ
छिमेकीको सुर्ताले बुख्याँचा बहुलायो
उसले एक गोठ माग्दा छिमेकीको दुई हुने देख्यो
उसले एउटी गाई माग्दा छिमेकीको दुई हुने देख्यो.
छिमेकीको सुर्ताले बुख्याँचा बहुलायो
र एकएक बुख्याँचा को अक्कल फुर्यो
'एउटा आँखा फुटाई देऊ प्रभु !'
उसको खुशीको आयाम उसको मनको ब्रह्माण्डमा अट्न सकेन

भैँडाखर्कमा सयवटा भेंडा चरिरहेका छन्
हर्ष र विस्मात नाप्ने हविमिटरको मापन 'न्युट्रल' छ
एउटा भेंडा हराएको खबरले –
हविमिटरमा बुख्याँचा को विस्मात बढ्यो, हर्ष झर्यो
एकाएक भेंडा फेला परेको खबरले –
हविमिटरमा बुख्याँचा को हर्ष बढ्यो, विस्मात झर्यो
भैँडाखर्कमा अहिले पनि पहिला जस्तै सयवटा भेंडा चरिरहेका छन्
हविमिटरको मापन 'न्युट्रल' छैन

बुख्याचाको खुशी –
अर्काको दरबार भत्केर चुलिएको छ
छिमेकीको दुवै आँखा फुटेर क्षितिज पारीसम्म फैलिएको छ
भेंडाको संख्याको पुनस्थापनामा मौलाएको छ

'कस्ले विस्थापन गर्यो खुशीको ठेगाना मन बाहिर ?
कस्ले डिजाइन गर्यो खुशीको तास(महल ?
कस्ले गाड्यो सभ्यताको चिहानमा खुशीका भ्रूणहरू ?'
भन्दै अक्षर(प्रदेशमा महासंग्राम ब्युँझिरहेछ
बुख्याँचा ले नबुझ्ने एउटा उद्घोषण घंकिरहेछ –
यो संसार सर्जकहरूकोलागि मात्र हो
संसार सर्जकहरूकोलागि मात्र हो
सर्जकहरूकोलागि मात्र हो
मात्र हो
हो

जीवनको उकालो झर्दा–झर्दै
हिमालको चुचुरोले अँठ्याएर न्यानो म्वाई खाँदा
बग्दा बग्दै शर्माएर लामाबगरनिर हराएको तामाकोशी भएको छु
किनारामा उभिएको बुख्याँचा
देशीमलबिना हुर्केको विकासे घाँस झैँ सप्रेकोछ
अर्तीको 'साइड(इफेक्ट' उस्कोलागी जहर हुने गरेकोछ
ऊ –
इन्द्रेणिले 'ब्ल्याक एण्ड व्हाइट' फोटोसँग
आफ्नो रंग मागेको बिलौना सुनिरहन्छ
न्याउलीको स्वरमा धरतीको प्रतिनिधि रोदन सुनिरहन्छ
मात्र सुनिरहन्छ बुख्याँचा !!
उता–
घडीको सुइ तोडेर समय कतै भागिरहेछ

अज्ञानताको भ्याकुममा–
मान्छेको अस्तित्व
अन्धो रहर र बहिरो चाहनाको विस्फोटन रहेछ
भगवान (मान्छे – 'बुख्याँचा'
'बुख्याँचा' (मान्छे – भगवान
ब्रह्माजीको प्रयोगशालामा
अभ्यस्त आत्म(रसायनिक प्रतिकृया चलि नै रहेछ '

'बुख्याँचा' को संहारर्ता 'बुख्याँचा'
'बुख्याँचा' को जन्मदाता अब 'बुख्याँचा'
'बुख्याँचा' को गन्तव्य 'बुख्याँचा'
'बुख्याँचा' – प्रदेश हो सिंगो भूगोल
जहाँ खुशीको चमक अश्रु(मोतीमा निर्लज्ज टल्किन्छ

र दृष्टि(दोषमा भ्रमको अट्टहास सुनिन्छ :–
सिंगो जीवन – 'इरर'हरूको सिन्तेज हो

भूत तर्साई रहेछ वर्तमान
मुखुण्डो ओढेर आज्ञात भविष्यको
समवेदनाविहिन 'बुख्याँचा' हामी निर्भिक देखिरहन्छौँ
र
मेरो
उपस्थिति
यथास्थितिवादविरूद्ध
सिर्फ
एउटा
एटम–बम
मात्र हो !!!

# ट्रम्पविरुद्ध महाअभियोगको प्रक्रिया शुरु



**वासिङ्टन/एजेन्सी-** अमेरिकाको माथिल्लो सदन सिनेटमा पनि राष्ट्रपति डोनाल्ड ट्रम्प विरुद्धको महाअभियोगको प्रक्रिया शुरु भएको छ । बिहीबार दिउँसो प्रधानन्यायाधिश र माथिल्लो सदनका सदस्यहरुले सपथ ग्रहण गरेर महाअभियोगको प्रक्रिया शुरु गरेका हुन् । प्रधानन्यायाधिश जोहन रोबर्टसले शुरुमा आफूले सपथ खाएर अरुलाई सपथग्रहण गराएका थिए ।

माथिल्लो सदनका कूल १०० सदस्यहरु मध्य ९९ जनालाई उनले सपथग्रहण गराएका हुन् । सपथग्रहण गर्ने सबैले सपथ ग्रहणका क्रममा 'पक्षपात रहित न्याय' गर्ने कसम खाएको सञ्चार माध्यमहरुले जनाएको छ । उनीहरुले महाअभियोग प्रस्ताव माथी स्वविवेकले आफ्नो मत जाहेर गर्ने बताएका थिए । महाअभियोग प्रस्ताव माथि माथिल्लो सदनमा आगामी मंगलबारदेखि प्रधानन्यायाधिश रोबर्टसको अध्यक्षतामा सुनुवाइ हुनेछ । सुनुवाइका क्रममा दुवै पक्षले आ आफ्नो पक्षमा तर्क र प्रमाणहरु पेस गर्दै आफ्नो पक्ष सही भएको दाबी गर्ने भएका छन् ।

हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले महाअभियोगको प्रस्ताव माथिल्लो सदनमा पठाउने प्रस्ताव मंगलबार पारित गरेकाले बिहीबारदेखि माथिल्लो सदनमा प्रक्रिया शुरु भएको हो । माथिल्लो सदनमा ट्रम्प विरुद्धका आरोपहरू पढेर सुनाइएको थियो । आरोपपत्रमा राष्ट्रपति ट्रम्पले आफ्ना राजनीतिक प्रतिद्वन्द्वी जो बाइडनविरुद्ध अनुसन्धान गर्न युक्रेनलाई दबाब दिएर संविधानको उल्लंघन गरेको, शक्तिको दुरुपयोग गरेको, कंग्रेसको प्रक्रियामा अवरोध पु¥याएको लगायतका आरोपहरु उल्लेख गरिएको छ । आरोपपत्रमा उल्लेखित सबै आरोपको राष्ट्रपति ट्रम्पले भने अस्वीकार गर्दै खण्डन गर्दै आएका छन् । सिनेटबाट महाभियोग प्रस्ताव पारित हुनका लागि दुई तिहाइ सिनेटरले समर्थन गर्नुपर्ने प्रावधान रहेको छ ।

माथिल्लो सदन सिनेटमा राष्ट्रपति ट्रम्पको सत्तारुढ रिपब्लिकन पार्टीका सांसदहरुको संख्या धेरै रहेकाले पार्टीको लाइनअनुसार मतदान भएमा महाअभियोगको पक्षमा दुई तिहाइ पुग्ने सम्भावना कम देखिएको छ । हाउस अफ रेप्रेजेन्टेटिभ्सकी सभामुख न्यान्सी पेलोसीले भने रिपब्लिकन सिनेटरहरूलाई राष्ट्रपतिका 'अन्धसमर्थक' नबन्न र स्वविवेक प्रयोग गर्न आह्वान गरेका छन् । उनले महाअभियोगसम्बन्धी कागजपत्रले राष्ट्रपति ट्रम्पले गलत काम गरेको पुष्टि भएको दाबी गर्दै उनलाई गलत कामप्रति जवाफदेही बनाउन महाअभियोगको पक्षमा मतदान गर्नुपर्नेमा जोड दिए ।

उनले भविष्यमा पनि कुनै पनि राष्ट्रपतिले जे पायो त्यही गर्न नसक्ने वातावरणको सृजना गर्नका लागि पनि अहिले महाअभियोग लगाउनुपर्ने तर्क राखे । तर, ट्रम्पका समर्थक तथा रिपब्लिकन सांसदहरूले भने महाभियोग प्रक्रियालाई 'पक्षपातपूर्ण आक्रोशबाट प्रेरित कदम' को संज्ञा दिँदै आएका छन् । हाउस अफ रिप्रिजेन्टेटिभ्सले गत महिना राष्ट्रपति ट्रम्प विरुद्धको महाभियोग प्रस्ताव पारित गरेको थियो । अमेरिकाको इतिहासमा यसरी संसद्को तल्लो सदनबाट महाअभियोग लगाइएका राष्ट्रपतिहरुमध्ये ट्रम्प तेस्रो राष्ट्रपति भएका छन् ।

# युक्रेनका प्रधानमन्त्रीद्वारा राजीनामा



**क्रिभ/एजेन्सी-** युक्रेनका प्रधानमन्त्री ओलेक्सी गोन्चारुकले शुक्रबार पदबाट राजीनामाको घोषणा गरेका छन् । राष्ट्रपति भोलोडोम्यर जेलेन्स्कीको आलोचना गरेको अडियो रेकर्ड सार्वजनिक भएपछि उनले राजीनामाको घोषणा गरेका हुन् । उनले अडियोमा आर्थिक विषयलाई लिएर राष्ट्रपतिको आलोचना गर्नुभएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन् ।

'हाम्रो विवाद थियो, त्यसले थप बहस नहोस भन्ने उद्देश्यसँगै राष्ट्रपति प्रतिको विश्वास र सम्मानका लागि मैले राजीनामा दिने घोषणा गरेको हुँ,' ३५ वर्षीय प्रधानमन्त्री ओलेक्सीले आफ्नो आधिकारीक फेसवुक पेजमा लेखेका छन् । सार्वजनिक भएको अडियो बनावटी भएको र राष्ट्रपतिप्रति आफ्नो सम्मान गिराउने नियतले बनाएर सार्वजनिक गरिएको आरोप पनि लगाएका छन् । 'त्यो अडियो सत्य होइन,' उनले भनेका छन् । उनी सन् २०१९ अगस्तबाट प्रधानमन्त्रीको पद सम्हालेका थिए ।

# समोआमा दादुराको प्रकोप बढ्यो



**समोआ/एजेन्सी-** दक्षिण प्रशान्त क्षेत्रमा अवस्थित एक सानो देश समोआमा दादुराको प्रकोप कम नभएको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् । करिब दुई लाख मात्र जनसंख्या रहेको यो सानो मुलुकमा केही दिनअघि देखि दादुराको प्रकोप बढेको र यसबाट ठूलो संख्याका नागरिक प्रभावित भएको बताइएको थियो । यस देशमा अहिलेसम्म कम्तीमा पनि पाँच हजार ८०० दादुराका बिरामीले विभिन्न अस्पतालमा उपचार गराएका यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका विभिन्न सञ्चार माध्यमहरुले जनाएको छ । यस सानो मुलुकमा दादुराको प्रकोप बढ्दै जाँदा यसबाट मृत्यु हुने नागरिकको संख्या ८२ पुगेको समोआली सरकारी अधिकारीले मंगलबार जानकारी दिएका समाचारमा जनाइएको छ । समोआली स्वास्थ्य मन्त्रालयका एक जना अधिकारीले मंगलबार दिएको जानकारीअनुसार यस प्रकोपबाट अहिलेसम्म ८२ जनाको ज्यान गएको र अझै एक हजारभन्दा बढी उपचारार्थ रहेका छन् । दादुराको प्रकोपका कारण मृत्यु भएकाको संख्या अझै बढ् नसक्ने अधिकारीहरुको भनाइ छ । सयौं बिरामी निकै गम्भीर अवस्थामा उपचार गराइरहेका बताइएको छ ।

दादुरा नियन्त्रणका लागि सरकारले यहाँका ९० प्रतिशत नागरिकलाई दादुरा विरूद्धको खोप लगाइरहेका छन् । पछिल्ला केही दिनयता दादुराका कारण मृत्यु हुनेको संख्या बढ्दो रहेको समाचारहरु आएका ती अधिकरीको भनाइ छ ।

# जिनपिङ म्यानमारमा



**बेइजिङ/एजेन्सी-** चीनका राष्ट्रपति सि जिनफिङ राजकीय भ्रमणका लागि शुक्रबार म्यानमार गएका छन् । म्यानमारका राष्ट्रपति उ विन मिन्टको मैत्रीपूर्ण निमन्त्रणामा हुन लागेको भ्रमणका लागि उनी शुक्रबार बेइजिङबाट म्यानमार गएका हुन् । उनीसँगै अन्य प्रभावशाली नेताहरु पनि भ्रमण टोलीमा सहभागी भएका छन् । भ्रमण टोलीमा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटी अन्तर्गतको राजनीतिक विभागका सदस्य डिङ क्षेछिङ, केन्द्रीय कमिटीको सचिवालय सदस्य तथा महासचिवको कार्यालयका निर्देशक याङ जिएची, केन्द्रीय कमिटी अन्तर्गतको विदेश मामिला कार्यालयका निर्देशक तथा विदेशमन्त्री वाङ यी, राष्ट्रिय विकास तथा पुनःसंरचना आयोगका प्रमुख हि लिफेङलगायत छन् । चिनियाँ उच्चस्तरीय टोलीले शुक्रबार र शनिबार म्यानमारको औपचारिक भ्रमण गर्न लागेको अधिकारीहरुले जनाएका छन् । विशाल राष्ट्र चीनका राष्ट्रपतिको यो भ्रमणलाई क्षेत्रीय रुपमा महत्वका साथ हेरिएको समाचारमा जनाइएको छ ।

# मोदी सरकारका ३६ मन्त्रीहरु जम्मुकाश्मीर जाँदै



**भारत/एजेन्सी-** भारतको जम्मु-काश्मीरलाई विशेष राज्यको दर्जा दिने धारा ३७० खारेज भएको ५ महिनाभन्दा धेरै समय भइसकेको छ । अहिले केन्द्रीय सरकारले जम्मु काश्मीरमा सबै ठीक भएको बताउँदै आएको छ । उता विपक्षीले भने त्यहाँ सबै कुरा ठीक भएमा किन आफूहरुलाई जान नदिइएको भनेर प्रश्न उठाइरहेको छ । त्यहाँका नेताहरुलाई किन नजरबन्दमा राखिएको भनेर समेत विपक्षीले प्रश्न उठाइरहेको छ ।

त्यस क्षेत्रमा अझै पनि इन्टरनेट सेवा अवरुद्ध रहेको छ । सत्तापक्ष र विपक्षीको विवादकै बीचमा केन्द्र सरकारका ३६ मन्त्रीले जनवरी १८ तारेख(आज)देखि २५ तारेखसम्म जम्मु-काश्मीर क्षेत्रको भ्रमण गर्ने भएका छन् । अल इन्डिया रेडियोका अनुसार यी सबै मन्त्रीहरु जम्मु र काश्मीरको फरक-फरक स्थानमा गएर संविधानको धारा ३७०का प्रावधानलाई जम्मु र काश्मीरबाट हटाएपछि परेको प्रभावको बारेमा स्थानीय बासिन्दासँग कुरा गर्नेछन् ।

यस्तै सरकारले त्यहाँ लिएको नीतिका बारेमा जानकारी गराउने जनाइएको छ । कानुनमन्त्री रबीशंकर प्रसाद र मानव संशाधान विकासमन्त्री रमेश पोखरियाल लगायत ५ मन्त्रीहरु घाटी क्षेत्रमा गएर स्थानीयसँग कुरा गर्ने र बाँकी जम्मू क्षेत्रमा जाने बताइएको छ । उनीहरु २४ जनवरी सम्म त्यहाँ रहने जनाइएको छ ।

# खामेनेईले गरे इरानी सेनाको बचाउ

**तेहरान/एजेन्सी-** इरानका सर्वोच्च नेता आयातोल्लाह खामेनेईले भूलवश यूक्रेनी विमान खसालिएको स्वीकारेको देशका सशस्त्र सेनाको बचाउ गरेका छन् । उनले भाषण गर्ने क्रममा भने, 'इरानको रिभोलुशनरी गार्ड उक्त विनाशकारी हमलाकालागि जिम्मेवार विशेष सैन्य एकाइ ले इरानको सुरक्षा व्यवस्थालाई कायम राखेका छन् ।'

उक्त घटनालाई लिएर भइरहेका व्यापक विरोध प्रदर्शन र विदेशबाट भैरहेको आलोचनाले इरानमाथि दबाव बढिरहेको छ । तर आयातोल्लाहले सन् २०१२ पछि पहिलोपल्ट तेहरानमा शुक्रबारका प्रार्थनाहरूको नेतृत्व गर्दै समर्थन हासिल गर्ने प्रयास गरे । युक्रेन इन्टरनेशनल एअरलाइन्सको उक्त बोइंग ७३७-८०० विमान आठ जनवरीका दिन तेहरानबाट किएभतर्फको उडानमा रहेका बेला टेकअफ गरेको केहि समयभित्रै दुर्घटनाग्रस्त भएको थियो ।उक्त विमानमा सवार सबै १७६ जनाको मृत्यु भएको थियो, जसमा इरान, क्यानडा, स्वीडेन र युकेका नागरिकहरू थिए । आयातोल्लाहले राष्ट्रिय एकताका लागि आह्वान गर्दै इरानका दुश्मनहरू भनी वाशिङ्टन र उसका साझेदारहरूतर्फ संकेत गर्दै विमानमा भएको हमलाको घटनालाई उचालेर अमेरिकी ड्रोन हमलामा वरिष्ठ इरानी जेनरल कासिम सुलेमानी मारिएको घटनालाई ओझेलमा पार्न खोजेको बताए ।

# क्षेप्यास्त्र आक्रमणका घाइतेहरु उपचाररत

**वासिङ्टन/एजेन्सी-** इराकमा रहेको अमेरिकी सैन्य आधार शिविरमा भएको क्षेप्यास्त्र आक्रमणमा परी घाइते भएका ११ जनाको उपचार भइरहेको छ । गत हप्ता इरानले गरेको क्षेप्यास्त्र आक्रमणमा परी घाइते भएकाहरुको अस्पतालमा उपचार भइरेहेको अमेरिकी सेनाले बिहीबार जनाएको हो । अमेरिकी सेनाले बिहीबार प्रकाशित विज्ञप्तिमा इरानले अल असद सैनिक शिविरमा गरेको सो क्षेप्यास्त्र आक्रमणमा परी कसैको मृत्यु भने नभएको स्पष्ट पारेको छ । अमेरिकी केन्द्रीय कमाण्डका प्रवक्ता कप्तान बिल अर्बनले जारी गरेको विज्ञप्तिमा घाइतेहरुको अवस्थामा सुधार आइरहेको उल्लेख गरिएको छ । इराकमा जनवरी ३ मा अमेरिकी ड्रोन हमलाले इरानी वरिष्ठ कमाण्डर कासिम सुलेमानीको हत्याको बदला स्वरुप इराकको पश्चिमी प्रान्त अन्बर, इर्बिल र अर्ध स्वायत्त क्षेत्रको कुर्दिस्तानका क्षेप्यास्त्र आमक्रण गरेको थियो । अमेरिकी रक्षा मन्त्रालयले इराकमा रहेको आफ्नो सैन्य आधार शिविर तथा गठबन्धन सुरक्षा फौजमाथी यही जनवरी ८ मा इरानी पक्षले एक दर्जनभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेको थियो । अमेरिका र इरानले एक अर्काका विरुद्धमा कडा चेतावनी दिइरहेका बेला यो आक्रमणको घटना भएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा बग्दादमा भएको इरानी सैन्य कमाण्डर कासिम सुलेमानीको हत्याको बदला लिन ती क्षेप्यास्त्रहरू प्रहार गरिएको इरानी पक्षले दाबी गरेको थियो । इराकको राजधानी बग्दादस्थित विमानस्थल नजिकै जनवरी ३ मा इरानी सैन्य कमाण्डर कासिम सुलेमानी मारिएपछि इरान र अमेरिकाबीच तनाब बढेको छ । इराकमा अमेरिकाका पाँच हजार सैनिक रहेको अधिकारीहरुले बताउने गरेका छन् ।


## मलेशियामा रोजगारको अवसर

१. कम्पनी: TEGUH GUARD SDN. BHD. शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००८० LT. No.: 230876

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ३३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: SMI WIRE SDN BHD (136633-T) शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००४२ LT. No.: 231039

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

J.S.N. International Pvt. Ltd.
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np



## शुन्य (0) लागतमा मलेसियामा रोजगारको अवसर

१. कम्पनी : HAWK SOON HIN INDUSTRIES SB शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००८३ LT. No.: 231140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : HO LEONG PRECISION STAMPING SB शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००८२ LT. No.: 231138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 2 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

कन्काई रिक्रुटमेन्ट सप्लायर्स प्रा. लि.
श्रम इजाजत नं. ९८६/०६७/०६८
KMC-3, Basundhara, Kathmandu, Tel.: 4354490, 014382159
Mob.: 9800941029, 9803561379, 9813-836294, E-mail : kankairecruitment4@gmail.com



## मलेसियामा रोजगार

कम्पनी: SKS FOOD INDUSTRIES (M) SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००४५ L.T. No.: 230877

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 6 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३, फ्याक्स: ५५४३७६९
Email:info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url:www.bajrahrs.com



## साउदीमा रोजगार

कम्पनी : SALEH BIN IBRAHIM SHALHOB TRANSPORT OFFICE शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३२ L.T. No.: 230918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५४,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## Malaysia मा रोजगार LEAN SENG MOTOR

पूर्व स्वीकृती मिति: २०७६/०९/२९ चलानी नं. ६०१५००४७ LT No. : 230852

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 3 | साधारण | 1100 | ३०,६२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टयाम्पी शुल्क कस्ले व्योहोर्ने | कल्याणकारी कोष | अभिमुखी करण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रु. १,५००।- रोजगारदाताले | रु. ७००।- रोजगारदाताले | निःशुल्क |

अन्तरवार्ता २०७६ माघ ८ गते (22 Jan.) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-14, Kathmandu, Tel.: 01-4353148|4388743|4386181
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

# बक्स अफिस समाचार

## आस्थाविरुद्ध उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ

पछिल्लो समय गायिका आस्था राउत चर्चामा छिन् । चर्चा कुनै गायन क्षेत्रको विषयले नभइ त्रिभुवन विमानस्थलमा चेकजाँचका क्रममा भएको प्रहरीसँगको विवादका कारण आस्था चर्चामा आएकी हुन् ।

घटना २०७६ साल माघ एक गते माघे संक्रान्तिका दिनको हो । चर्चित गायिका आस्था राउत सिक्किममा हुने रिम्बी माघे मेलामा सहभागी हुनका लागि झापाको भद्रपुर जाँदै थिइन् । त्यसका लागि आस्था दिउँसो एक बजेर ३१ मिनेटमा त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवन पुग्छिन् । हतारमा झै देखिएकी राउत हातमा कफी बोकेर प्रहरीले यात्रु चेक गर्ने स्थानमा पुग्छिन् र आफूले बोकेको ह्यान्ड क्यारी व्याग चेकिङ मेशिनमा हाल्छिन् र कफीसहित महिला प्रहरीले चेक जाँच गर्ने ठाउँमा जान्छिन् । महिला प्रहरीले ज्याकेट पनि मेशिनमा हाल्न आग्रह गर्छिन र कफि त्यही राखिदिन्छिन् ।

केही रिसाएको हाउभाउमा उनी पुनः फर्किएर ज्याकेट मेशिनमा राख्छिन् । अनि उनको पुनः चेकिङ हुन्छ । प्रहरीलाई हप्काउँदै उनले ज्याकेट लिन्छिन् । महिला प्रहरीले कफी आस्थालाई दिन्छिन् । उनले लिन मान्दिनन् । प्रहरीले आफ्नो कफी लिनुहोस् भनेको जस्तो भाव देखिन्छ । आवाज भने भिडियोमा सुनिन्न । केहीबेर दिन खोज्ने र



आस्थाले लिन नखोजेको दृश्य देखिन्छ । त्यस क्रममा केही कफि टेबलमै पोखिन्छ पनि । पछि प्रहरीले झोलामै कफी हाल्न खोजेको जस्तो पनि देखिन्छ । अन्त्यमा कफी टेबलमा राखेर महिला प्रहरी आफ्नो ड्यूटीमा जान्छिन् ।

त्यसपछि आस्था औंला ठड्याउँदै ज्याकेट लगाएर बाहिर गएको देखिन्छ । त्यसको भोलिपल्ट बिहिबार आस्था आफैले सार्वजनिक गरेको फेसबुक लाइभमा प्रहरीलाई निकै तुच्छ शब्द प्रयोग गर्दै गाली गरेको देखिन्छ । यतिसम्म कि तल्लो तहका अर्थात् प्रहरी जवानलाई त अनेक भनेकी छिन् । उनले प्रहरीलाई डन्ठे, पिपा र प्युसा बारम्बार भनिरहिन् । प्रहरीलाई गाली गर्नुको कारणबारे उनले फेसबूकमार्फत भिडियो सार्वजनिक गर्दै भनेकी छन्, 'त्रिभुवन अन्तर र्‍ाष्ट्रिय विमानस्थल काठमाडौंमा महिला प्रहरीले दुर्व्यवहार गर्‍यो । तँ भन्यो ।' यसपछि सामाजिक सञ्जालमा आस्थाको व्यापक आलोचना भएपछि उनले सामाजिक सञ्जालमार्फत माफी मागेकी छिन् तर पनि प्रहरीले छानविन गरी आवश्यक कारवाही गर्ने जनाइसकेको छ । उनले केही सञ्चारमाध्यममा आफूलाई महिला प्रहरीले न्याकेको समेत दावी गरेकी छन् । जुन कुरा सीसीटीभी फूटेजमा उनलाई न्याकेको देखिँदैन । बरू उल्टै औंला ठड्याउँदै गएको देखिन्छ ।

भिडियो सार्वजनिक भएपछि विमानस्थल सुरक्षा जाँचमा खटिएकी प्रहरी जवान रमिता श्रेष्ठले आफूलाई गायिका आस्था राउतले अभद्र व्यवहार गरेको भन्दै प्रहरीमा उजुरी दर्ता गराएकी छन् । उनले विमानस्थल सुरक्षा प्रहरी कार्यालयमा गायिका राउतविरुद्ध उजुरी दिएकी हुन् । प्रहरी जवान श्रेष्ठले गायिका राउतले आफू ड्युटीमा रहेको अवस्थामा गालीगलौज र अभद्र व्यवहार गरेको भन्दै उजुरी दिएकी हुन् ।

सामाजिक सञ्जालमा अहिले चर्चाको विषय बनेको आस्थाको भिडियोप्रति धैरैले नराम्रो प्रतिक्रिया दिएका छन् । धेरैले आस्थालाई सुरक्षा व्यवस्था उल्लंघन गर्न खोजेको भन्दै आस्थाको नै गल्ती भएको बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमा मात्र नभएर भिडियोले ट्वीटरमा पनि तहल्का मच्चाएको छ र ट्वीटरमा पनि आस्थालाई समर्थन गर्ने भन्दा पनि गाली गर्नेको ओइरो लागेको छ । प्रहरी प्रशासनले उनले गल्ती गरेको भए सजाय गर्ने बताएपछि आस्था फेसबुकमा पुनः लाइभ आएर माफी मागेकी छिन् । ३८ मिनेट लामो भिडियोमा उनले आफूमाथि भएको घटना बताउँदै आफूले प्रहरी प्रशासनलाई बोलेको केही शब्दप्रति क्षमाप्रार्थी भएको बताएकी छन् ।

उनले लाइभमा यस्तो भनेकी छिन्, 'अबको लाइभमा म यस्तो कुरा गर्न चाहन्न । मलाई प्रहरी प्रशासनसँग मन दुख्यो । फ्यान मेरो लागि बोलिदिनुस् । दम्भ मैले देखाएको हैन, देखाउन जरुरी छैन । नराम्रो कमेन्ट गर्नेको आफ्नो सोच्ने क्षमता हो । अत्याचारको विरुद्धमा मैले बोल्दा नराम्रो बोल्नेको औकात देखियो । सक्नुहुन्छ, राम्रो गर्नुस् नत्र ठीक छ । दुई चार शब्द मैले नबोलेको भए हुन्थ्यो । प्रशासन संयमित होस्, तँ तँ र म म नगर्नुस् । मैले सुरु गरेको होइन, झंग्लेपछि मैले त्यस्तो व्यवहार गरेँ । जस्तो व्यवहार आयो मेरो पनि भडास निस्किएको हो । सत्य बोल्दा सत्य तितो हुन्छ । समाज पनि सुध्रन जरुरी छ । दुई चारओटा शब्द मैले पनि दोहोर्‍याउन हुन्थेन । जय होस्, जय नेपाली ।'

## 'आमा' अमेरिका र अष्ट्रेलियामा पनि प्रदर्शन हुने



**काठमाडौं/मस–** दीपेन्द्र के. खनाल निर्देशित नयाँ चलचित्र 'आमा' नेपाल सँगसँगै अमेरिका र अष्ट्रेलियामा पनि प्रदर्शन हुने भएको छ । नेपालमा प्रदर्शन भएकै दिन सो चलचित्र अमेरिका र अष्ट्रेलियामा पनि प्रदर्शन हुने भएको हो । खनाल निर्देशित 'आमा' आउँदो फागुन ९ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । यो चलचित्रको ट्रेलर अहिले निकै चर्चामा छ र ट्रेलरलाई दर्शकबाट सकारात्मक प्रतिक्रियाको ओइरो लागेको छ ।

यसैबीच निर्देशक दीपेन्द्र के. खनालले नेपालमा प्रदर्शन भएको दिन नै अष्ट्रेलिया र अमेरिकामा पनि 'आमा' एकसाथ प्रदर्शन हुने जानकारी दिए । अन्य देशमा पनि चलचित्र प्रदर्शनका लागि केही दिनयता विभिन्न कम्पनीका व्यक्तिहरुसँग कुराकानी भइरहेको उनले बताए । उनी ट्रेलर सार्वजनिक भएपछि विदेशमा चलचित्रको माग चुलिएको बताउँछन् । यो चलचित्रकी निर्मात्री शर्मिला पाण्डे हुन् ।

आमा र छोरीबीचको भावनात्मक सम्बन्धको कथा बताउने चलचित्रले गहन विषय उठाएको ट्रेलरबाट अनुमान गर्न सकिन्छ । मनछुने ट्रेलर सार्वजनिक भएपछि अहिले विदेशमा यो चलचित्रको माग चुलिएको छ । विभिन्न कम्पनीहरु चलचित्रको विदेश प्रदर्शन अधिकार लिन हानाथाप गरिरहेका छन् । चलचित्रको अष्ट्रेलिया र अमेरिकाको राइट्स निर्माण टिमले महँगोमा बिक्री गरेको हो ।

चलचित्रको अहिले सम्पादनको थप काम भइहेको दीपेन्द्रले जानकारी दिए । उनी भन्छन्, 'एडिटिङ सकिए पनि चित्त नबुझेका र अझै राम्रो गर्न सकिन्छ भन्ने सिनमा काम गरिरहेको छु ।' सुरक्षा पन्त र मिथिला शर्माको प्रमुख भूमिका रहेको चलचित्रमा देशभक्त खनाल, सरिता गिरी, लक्ष्मी भुषाल, टीका पहारीलगायतका कलाकार हरुको पनि अभिनय छ । चलचित्रको गीत भुपेन्द्र खड्काले लेखेका हुन् । काठमाडौं र रामेछापमा खिचिएको चलचित्रका सह-निर्मातामा सन्तोष अधिकारी छन् । सुभाष भुषालको संगीत रहेको चलचित्रको अधिकांश दृश्य पानीमा खिचिएको हो ।

## सन्तोषी बनिन् 'लेटमिइन मिसेस ब्युटी क्वीन'




**काठमाडौं/मस–** 'लेटमिइन मिसेस ब्युटी क्वीन नेपाल २०२०'को उपाधि सन्तोषी शाहीले जितेकी छिन् । सिजन मिडियाले आयोजना गरेको 'लेटमिइन मिसेस ब्युटी क्वीन नेपाल २०२०' को विजेता सन्तोषी शाही बनेकी हुन् ।

विजेता कर्णाली प्रदेश विरेन्द्रनगर सुर्खेतकी ४० वर्षीया सन्तोषी शाहीले 'लेट मिइन मिसेस ब्युटी क्वीन नेपाल २०२०' को उपाधिसहित टिभिएस स्कुटर, इन्डोनेशियाको बाली भ्रमणको टिकट र विभिन्न उपहार प्राप्त गरेकी छिन् भने मिसेज मल्टी मिडिया अवार्ड पनि हात पार्न सफल भइन् । यस्तै फस्ट रनरअप सविता शर्मा भइन् । उनले मिसेज पपुलरको अवार्ड पनि हात पार्न सफल भइन् । सेकेण्ड रनर अपमा सीता अर्चना पौडेल चयन भएकी छन् ।

उनले पनि वेष्टवाकको अवार्ड हात पार्न सफल भइन् । साथै दुवैले बाली भ्रमणको टिकट र विभिन्न उपहार प्राप्त गरेका छन् । थर्ड रनर अपमा रञ्जना निरौला, र फोर्थ रनर अपमा देवकला पुनः छनोट भएका छन् ।

यस्तै 'सवटाइटल अवार्ड' हातपार्नेमा देवकला पुन 'ब्यूटीफूल आइज', सिर्जना गौतम 'फेष्डसिप अवार्ड', सिर्जना पनेरु 'डाइनामिक अवार्ड', सरिता कर्ण 'वियारी एलीगेनस अवार्ड', अमिता अमात्य 'इनोसेन्ट अवार्ड', दिपा ढुंगाना 'इनरजेटीक हवार्ड', सुहाना अर्याल 'वेष्ट फीगर अवार्ड', उर्मिला खत्री 'फोटोजेनीक अवार्ड', समीसा गिरी 'ट्यालेन्ट अवार्ड', सुम्निमा चौधरी 'ब्यूटीफूल स्कीन अवार्ड', रिता कार्की 'वेष्ट पर्सनालीटी अवार्ड' र रस्मिला शाही 'अर्गनाइजर च्वाइस वेष्ट ड्रेस' र 'भियर्स च्वाइस' अवार्ड हातपार्न सफल भइन् ।

## राष्ट्रिय गजल महोत्सव माघ १५ र १६ मा



**काठमाडौं/मस–** नेपाल-प्रज्ञा प्रतिष्ठान र युवा परिषद्को आयोजनामा माघ १५ र १६ गते राष्ट्रिय गजल महोत्सव हुने भएको छ । महोत्सवमा सातै प्रदेशबाट युवा गजलकारहरूको सहभागिता रहने छ । अग्रज गजलकार अतिथिका रूपमा सहभागी हुने छन् ।

उद्घाटन सत्रमा करीब एक हजार ४०० जना गजलप्रेमीको र गोष्ठी सत्रमा ३०० गजलकार, गजलविज्ञ र समीक्षकहरूको सहभागिता रहने प्राज्ञ डा. देवी नेपालले जानकारी दिए । महोत्सवका लागि ५५ सदस्यीय तयारी समिति गठन गरिएको छ । तयारी समितिको विस्तारित बैठकबाट कार्यक्रमको स्वरूप तयार पारिएको छ । कार्यक्रमको तयारीका लागि समितिका सबै सदस्य सक्रिय भइसकेको नेपालले बताए ।

महोत्सवमा प्रतिष्ठानबाट प्रकाशित प्रज्ञा आधुनिक नेपाली गजल र प्रज्ञा नेपाली बालगजल दुई कृतिको विमोचन गर्ने कार्यक्रम रहेको छ । सातै प्रदेशका गजलकारहरूको गजलवाचन, वरिष्ठ गायकबाट गजल गायन, गजलसम्बन्धी कार्यपत्रको प्रस्तुति गरिने छ । गजलसम्बन्धी बहस, गजलसम्बन्धी सातै प्रदेशको प्रतिवेदन प्रस्तुति, अग्रज गजलकारको गजलवाचन र महोत्सव घोषणापत्र जारी गरिने छ ।


**साउदीमा रोजगार** | कम्पनी : HEZAM M. A. AL-QAHTANI EST. FOR CO. शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७६/०९/२८ चलानी नं.: ६०१४९९९७ L.T. No.: 230893

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५४,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ८ गते (22 jAN. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

